सुर्तीजन्य पदार्थको सेवन नगरौं
सुर्तीजन्य पदार्थको सेवनले:
- सेवनकर्तालाई प्रत्यक्षरुपमा, परिवारजन एवं सम्पर्कका व्यक्तिहरुलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याको अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमा समेत नकारात्मक प्रभाव पार्दछ।
त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com

जनहितमा जारी सन्देश
- चर्को गर्मीमा रिङ्टा लाग्ने,
- कीरा फटयाङ्ग्राको प्रकोप बढ्ने,
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ, जोगिएर बसौं।
- वर्षात्को मौसममा बासी खाना नखाऔं।
- बजारबाट किनेर ल्याएको तरकारी राम्ररी धोएर उपयोग गरौं।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन २६ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 10 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३९

## श्रीसिया नदी प्रदूषणमा वीरगंज महानगर पनि जिम्मेवार

प्रस, वीरगंज, २५ साउन/

नेपाल सरकार, शहरी विकास मन्त्रालय, वीरगंज महानगरपालिका, नगर विकास कोष तथा एशियाली विकास बैंकको संयुक्त लगानीमा वीरगंज महानगर–१ शान्तिनगरमा निर्मित फोहर



पानी प्रशोधन केन्द्र बनेको साढे पाँच वर्ष बढी भएपनि अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन।

मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना अन्तर्गत निर्मित पानी प्रशोधन केन्द्रको २०७६ भदौ १० गते तत्कालीन शहरी विकासमन्त्री मोहम्मद इश्तियाक राईले उद्घाटन गरेका थिए। सो आयोजना अन्तर्गत निर्मित पानी प्रशोधन केन्द्रबाट वीरगंजका सबै घरका शौचालयको फोहर पानीलाई प्रशोधन गरी श्रीसिया नदीमा बगाउने योजना हो। तर अहिले यो योजना साढे पाँच वर्षदेखि थाती रहेको छ। वीरगंजमा यो योजना अन्तर्गत बनाइएका नालामा वीरगंजका घरधनीहरूले शौचालयको फोहर पानी नबगाउँदा पानी प्रशोधन केन्द्र प्रयोगविहीन भएको हो।

प्रशोधन केन्द्र निर्माण हुनुअगावै वीरगंज महानगरपालिकाले यससम्बन्धी सूचना जारी गरेको थियो तर केन्द्र निर्माण भएपछि पनि घरधनीहरूले महानगरको सूचनालाई बेवास्ता गरेका छन्। अहिलेसम्म ५० घरपरिवारले मात्र शौचालयको पानी नालामा विर्सजन गरेका छन्। यो योजना अन्तर्गत वीरगंज महानगरका करीब चार हजार घरपरिवार जोडिनुपर्ने तर अहिलेसम्म ५० भन्दा बढी घर जोडिन सकेका छैनन्। वीरगंज महानगरले बारम्बार आग्रह गर्दा पनि घरधनीले शौचालयको फोहर पानी पाइपमार्फत नालामा नमिसाउने गरेको वीरगंज महानगरका सेनिटरी महाशाखाले जनाएको छ। घरधनीहरूले शौचालय भएको ठाउँबाट नालासम्म पाइप बिछ्याएर फोहर पानी विसर्जन गर्दा थप खर्च पर्ने भएकोले अटेर गर्दै आएको बुझिएको छ।

कतिपयको शौचालय घरको पछाडिपट्टि रहेको र लामो पाइप जडान गरी नालासम्म ल्याएर पानी विसर्जन गर्दा खर्च बढ्ने हुनाले यसतर्फ घरधनीहरूले ध्यान नदिएका हुन्। मुख्यत: यो समस्या वीरगंज–१० आदर्शनगर क्षेत्रमा छ। घरको पछाडि रहेको शौचालयबाट पाइप ल्याउँदा पुरानो संरचना भत्काउनुपर्ने झन्झटिलो कार्य भएकोले यसतर्फ ध्यान नदिएको देखिन्छ।

पानी प्रशोधन केन्द्र सञ्चालनको लागि शौचालयबाट निस्किने पानी न्यूनतम १० लाख लिटर आवश्यक पर्ने वीरगंज महानगरको सेनिटरी महाशाखाले जनाएको छ। वीरगंज महानगरका चार हजार घरका शौचालयको पानी योजना अन्तर्गतको नालामा जोडिएको खण्डमा २० लाख लिटर शौचालयको पानी प्रवाह हुने अनुमान छ। तर अहिलेसम्म शौचालयको पानी नालामा नजोडिएको कारण मूल ढलको फोहर पानीलाई प्रशोधन गरेर महानगरपालिकाले श्रीसिया खोलामा बगाउन सकेको छैन। प्रशोधन केन्द्र जुन प्रयोजनको लागि निर्माण गरिएको हो, अहिले सोको उपयोग हुन सकेको छैन भने महानगरले शुरू गरेको श्रीसिया नदी प्रदूषणमुक्त अभियानमा यो पनि तगारो बनेको छ। वीरगंज महानगर–१ छपकैयास्थित महानगरको पानी प्रशोधन केन्द्र एक करोड लिटर क्षमताको हो। दीर्घकालीन योजना अन्तर्गत प्रशोधन केन्द्र निर्माण भएपनि प्रारम्भिक अवस्थामा प्रभावहीन बनेको छ।

मझौला शहर एकीकृत शहरी वातावरणीय योजना र सघन शहरी विकास कार्यक्रम अन्तर्गत वीरगंजमा दुई चरणमा करीब साढे पाँच अर्बको सडक र नाला निर्माण कार्य सम्पन्न भएको थियो। सोही क्रममा महानगरका घरहरूबाट निस्कने शौचालयका फोहर पानी अन्तर्राष्ट्रिय कानून अनुसार भारततर्फ बग्ने श्रीसिया नदीमा प्रशोधन गरेर मात्र विसर्जन गर्नुपर्ने हुँदा एक करोड लिटर क्षमताको पानी प्रशोधन केन्द्रको निर्माण गरिएको थियो। वीरगंज महानगरपालिकाले पछिल्लोपटक श्रीसिया नदी प्रदूषणमुक्त अभियान सञ्चालन गरेको छ। बाराको रामवन मुहान रहेको श्रीसिया नदी अहिलेसम्म वीरगंज महानगरपालिका–३२ परवानीपुर क्षेत्रसम्म सफा छ। त्यसपछि श्रीसिया नदीमा उद्योगहरूबाट निस्किने फोहर पानी प्रशोधन नगरी विसर्जन हुने गरेकाले नदी चार दशकदेखि प्रदूषणको शिकार भएको हो। जीतपुरसिमरा उपमहानगर र वीरगंज महानगर गरी दुई क्षेत्रका ६३ वटा उद्योग श्रीसिया नदी प्रदूषण गर्नमा जिम्मेवार छन्। करीब १२ वटा उद्योगले मात्र पानी प्रशोधन केन्द्र जडान गरेर उद्योगबाट निस्कने पानी प्रशोधन गरी श्रीसिया नदीमा विसर्जन गर्दै आएका छन्। तीन/चार वटा उद्योगले भने महानगरपालिकाले श्रीसिया नदी प्रदूषणमुक्त अभियान सञ्चालन गरेपछि अहिले बल्ल पानी प्रशोधन केन्द्र जडानका लागि प्रयास शुरू गरेका छन्। केही उद्योगहरूले भने आधुनिक पानी प्रशोधन केन्द्र जडान गर्नुको साटो प्राकृतिकरूपमा प्रशोधन कार्य शुरू गरेका छन्। उद्योग परिसरमा पोखरी बनाएर उद्योगबाट निस्कने प्रदूषित पानी सञ्चय गर्ने र फोहर पानी पोखरीको तल्लो भागमा जम्मा भएपछि माथिल्लो भागको प्रशोधित पानीलाई रातिपख श्रीसिया नदीमा विसर्जन गर्दै आएका छन्। अहिलेसम्मको अवस्थामा प्रत्यक्षरूपमा १८ वटा उद्योगले श्रीसिया नदी प्रदूषण गर्दै आएको वीरगंज महानगरका सेनिटरी महाशाखाका प्रकाश ऐर बताउँछन्। उनले १८ उद्योगमध्ये जीतपुरसिमरा उपमहानगरपालिकामा आठ र वीरगंज महानगरमा १० वटा रहेको बताए। महानगरमा परेका उद्योगहरूमा निरन्तर अनुगमन गर्दै कानूनले दिएको अधिकारमा रहेर उद्योगहरूलाई दण्ड जरिवाना गरिएको ऐरले बताए। महानगरले तीनवटा उद्योगलाई जनही तीन/तीन लाख जरिवाना गरेको थियो। यसैगरी, एक साता अघि श्रीसिया नदी प्रदूषण गर्ने पाँचवटा उद्योगको प्रवेशद्वारमा फोहर फालेर तर्साउने काम पनि महानगरले गरेको छ। यी सबै जुक्ति अवलम्बन गरिसक्दा पनि श्रीसिया नदी पहिलेको तुलनामा केही सुधार भएको छ तर नगरप्रमुख राजेशमान सिंहले दाबी गरे जस्तो श्रीसिया नदी प्रदूषणमुक्त स्वरूपमा भने आइसकेको छैन।

## जनमत पार्टीले सोध्यो मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण

प्रस, जनकपुरधाम, २५ साउन/

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहलाई उनीसम्बद्ध पार्टी जनमत पार्टीले स्पष्टीकरण सोधेको छ।

पार्टी केन्द्रीय अनुशासन विभागद्वारा सोधिएको स्पष्टीकरणमा मन्त्रिमण्डल गठन एवं विस्तारको कुरालाई मुख्यरूपमा सोधिएको छ। पार्टीसँग समन्वय नगरी मन्त्रालय बाँडफाँड गरेको साथै मन्त्रिपरिषद्को आकार किन ठूलो बनाएको भनी मुख्यमन्त्री सिंहसँग प्रश्न गरिएको छ।



त्यसैगरी, जनताले देखिने र अनुभूति गर्नेगरी काम गर्नुभन्दा पनि उद्घाटनलगायतका औपचारिक कार्यक्रमहरूमा समय बढी खर्चिएको देखिएकोबारेमा पनि स्पष्टीकरण सोधिएको छ। पार्टीले दिएका निर्देशनहरू बेवास्ता गरेको, बजेट बनाउने क्रममा प्रदेशसभा सदस्यहरूलाई जनही रु पाँच करोड दिने विवादास्पद अभिव्यक्ति दिई जनमत पार्टीको छविमा बारम्बार आँच पुऱ्याएको भन्ने पनि कुरा आएकोले सोही अनुसारको स्पष्टीकरण पार्टीले सोधेको सो पार्टीका केन्द्रीय प्रवक्ता डा शरत्सिंह यादवले सञ्चारकर्मीलाई शुक्रवार जानकारी दिएका छन्।

"सङ्घमा समेत जतिसक्दो सानो मन्त्रिपरिषद्को प्रस्ताव गर्ने हाम्रो जनमत पार्टीले प्रदेशमा आफ्नो नेतृत्वमा जम्बो मन्त्रिपरिषद्को कल्पना गर्न सक्दैन," प्रवक्ता डा यादवले भने। पार्टीले शुरूदेखि नै सानो आकारको मन्त्रिपरिषद् बनाउने

(बाँकी अन्तिम पातामा)

## विश्वकर्मा समुदायको पुर्खौली पेशा सङ्कटमा

ओमप्रकाश चौधरी, सेढवा, २५ साउन/

कृषि परियोजनाका लागि विभिन्न किसिमका आधुनिक मेशीन तथा



औजारको विकाससँगै अहिले विश्वकर्मा समुदायको पुर्खौली पेशा सङ्कटमा परेको छ। ट्याक्टरको प्रयोग गरी फाली तथा रोटाभेटरले खेतको जोताइ कार्य र धान, गहुँ भित्र्याउन हार्भेस्टर तथा थ्रेसलगायतका आधुनिक मेशीनहरूको प्रयोग बढेका कारण परम्परागत औजारको प्रयोग घटेको छ। जसका कारण विश्वकर्मा समुदायको लोहसारी पेशा लोप हुने अवस्थामा पुगेको छ।

घरायसी तथा खेतीका सामान्य कार्यका लागि प्रयोग हुने हसिया, खुर्पी, खुर्पा, कोदालो, बन्चरो तथा खुकुरी बनाउन तथा मर्मतका लागि मात्र सर्वसाधारणहरू लोहसारी (फलामको औजार उत्पादन तथा मर्मत गर्ने स्थान)मा आउने गरेका जीराभवानी गाउँपालिका–३ नौकाटोला निवासी प्रेम विश्वकर्माले बताए। यस पेशामा काम गरेबापत पाउने ज्याला निकै कम भएका कारण यस समुदायले पुर्खौली पेशालाई छोड्दै गरेको विश्वकर्माले बताए। परम्परागत चलन अनुसार वार्षिकरूपमा तोकिएको प्रतिपरिवार एक मन (४० किलो) धानबाट वर्षभरि काम गरेबापत ज्याला पाउने गर्छन्। सो आम्दानीले परिवारको खर्च धान्न नसकिने हुँदा छोराछोरी अन्य पेशामा लागेको विश्वकर्माले बताए। यस पेशामा आय एकदमै न्यून भएकाले अबका सन्तति अन्य पेशा रोज्दै शहर तथा वैदेशिक रोजगारमा लागेको उनी बताउँछन्। विगतमा प्रत्येक गाउँ, टोलमा कम्तीमा एकवटा लोहसारी हुने गर्थ्यो। तर अहिले लोहसारी खोज्नै गाह्रो भएको छ।

त्यस्तै, जगरनाथपुर गापा–१ पाडेपुरका अनन्त ठाकुर लोहारले पुर्खौली पेशा जोगाउन अलिअलि काम गरिरहेको तर यस पेशाबाट जीविका उपार्जन गर्न नसकिने बताए। दिनहुँ बढ्दै गएको महँगीका कारण यस पेशाबाट न्यून आम्दानीले परिवारको बिहान र बेलुकाको छाक टार्न पनि सम्भव नरहेको ठाकुरले बताए।

लोहसारीमा फलाम पिट्नुजस्तो कठिन काम तथा प्रयोग हुने पत्थर कोइला तथा काठको कोइला नपाउने, पाए पनि महँगो भएको र मजदूरी सन्तोषजनक नभएको हुँदा आफ्ना छोराछोरीहरूलाई अन्य पेशामा लगाउने सोच बनाएको ठाकुरले बताए। पेशा जोगाउन आफूले बिहान फलाम पिट्ने, फलामका औजार मर्मत गर्ने गरेको बताए। बिहान नौ बजेपछि सिकर्मीको काम गर्न ठोरी गापामा रहेका फर्निचर कारखानामा काम गरिरहेको उनले बताए।

## निजगढमा १९ जनाले रक्तदान गरे

प्रस, वीरगंज, २५ साउन/

निजगढ नगरपालिकामा शुक्रवार



सम्पन्न रक्तदान कार्यक्रममा दुईजना महिलासहित १९ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्थाले निजगढको शहीदचोकमा आयोजना गरेको कार्यक्रममा बबिता गौतम, सुमित्रा लामिछाने, लेक तिमिल्सिना, बुद्ध तामाङ, राकेश यादव, हाकिम बैठा, विश्वराज घिमिरे, मनोज साहलगायतले रक्तदान गरेका प्राविधिक कुशवाहाले बताए।

### विचारसार र सूक्तिहरू

**नदीलाई समुद्रसम्म पुग्ने बाटो कसैले बताउँदैन। जसलाई गन्तव्यको उत्कट चाहना हुन्छ, ती सल्लाह माग्दैनन्।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# निकुञ्जकर्मीलाई सचेत गराऊ

**आजभन्दा २८ वर्ष अघि निकुञ्ज प्रभावित क्षेत्रलाई सरकारले मध्यवर्ती क्षेत्र घोषणा गरेको थियो। घोषणा गर्नुको मुख्य उद्देश्य नै निकुञ्ज र जनताबीच द्वन्द्व कम गर्नु हो। दैनिक रोजीरोटीका लागि वनजङ्गलमा निर्भर समुदायलाई विकल्प दिँदै उनीहरूको चौतर्फी विकासमा टेवा पुऱ्याउनु हो। यसका निम्ति सम्बन्धित निकुञ्जले वार्षिकरूपमा आर्जन गर्ने राजस्वको ३० देखि ५० प्रतिशत रकम निकुञ्ज आसपास तथा प्रभावित क्षेत्रका बासिन्दाका लागि खर्चिने व्यवस्था बन्यो। त्यसैगरी, मध्यवर्ती क्षेत्रका बासिन्दाका लागि दैनिक उपभोग्य वस्तु उपलब्धताका लागि 'मध्यवर्ती वन क्षेत्र' निर्धारण गरियो। अतः मध्यवर्ती क्षेत्र भनेको स्थानीय नागरिकले संरक्षण र विकास गर्दै वैज्ञानिकरूपले उपयोग गर्न पाउने सुविधाजनक, सहुलियत क्षेत्र हो। त्यहाँका उपभोक्ताले जानाजान वा अनजानमा कुनै दोष गरे पनि कानून मात्रै नहेरेर व्यावहारिक पक्षले मेलमिलाप तथा चेतावनी र सुधारको मौका दिने अवधारणा लागू गरियो। यसको निम्ति स्थानीय एकाइहरूको भूमिकालाई महत्त्व दिइयो।**

**व्यावहारिक पक्षदेखि स्थानीयवासीको जीवनस्तर उकास्नसमेत राज्यले सहयोग गर्न थालेपछि स्थानीय बासिन्दाको भावनामा परिवर्तन आयो। उनीहरू संरक्षणमा जुट्न थाले। यस अघि निकुञ्ज र जनतालाई कट्टर प्रतिद्वन्द्वी भनी चिनिन्थ्यो। निकुञ्जको आम्दानी बढे मात्रै मध्यवर्ती क्षेत्रको रकम पनि बढ्ने रहेछ, निकुञ्जको आम्दानी बढ्नका लागि वन तथा वन्यजन्तु एवं पारिस्थितिकीय प्रणालीको संरक्षण गर्नुपर्ने रहेछ भन्ने तथ्य प्रभावित क्षेत्रका बासिन्दाले बुझ्न थाले। त्यति मात्रै होइन, उनीहरू सचेतना एवं संरक्षणसम्बन्धी कुरा सुन्न र निकुञ्जको नजीक हुन थाले। कुरा सुने न बुझ्ने हो। यसरी मध्यवर्ती क्षेत्रको विकास एवं संरक्षणमा स्थानीय उपभोक्ता अगाडि आएका हुन्। आज मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, स्थानीय उपभोक्ता समिति, मध्यवर्ती वन समिति, चोरीशिकार नियन्त्रण एकाइलगायत स्थानीय उपभोक्ताको सहभागिता र निकुञ्जको समन्वयमा क्रियाशील छन्। निकुञ्जको बाघले मानिसको ज्यान लिइरहेको छ, हात्ती र गैंडाको उपद्रो त्यत्तिकै छ। फेरि पनि जङ्गली जनावरको संरक्षणमा ठूलो जनसमुदाय अहोरात्र लागिरहेकै छ। बाघको सङ्ख्या दोब्बर बनाउने लक्ष्य हाम्रो मुलुकले निर्धारित समयभन्दा पहिले नै पूरा गऱ्यो। अन्य वन्यजन्तुको संरक्षण उत्साहजनक छ। यी सबै नागरिक सहभागिताका उपज हुन्।**

**मुलुकको पहिलो राष्ट्रिय निकुञ्ज चितवनबाट थालनी भएको मध्यवर्ती क्षेत्रको सफलतासँगै पर्सा राष्ट्रिय निकुञ्जलगायत मुलुकका प्रायः सबै निकुञ्ज, आरक्ष एवं संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र घोषित भएका छन्। यो अवधारणा लागू भएको तीन दशक पुग्नै लाग्दा केही समस्या तथा विकृति देखिन थालेका छन्। उपभोक्ताको तर्फबाट होइन, समस्या निकुञ्जका कर्मचारीहरूको तर्फबाट सृजित भइरहेको छ। गाउँटोलमा जनश्रमबाट सडक बनिरहेको छ तर निकुञ्जले खोलाको ग्राभेल उठाउन दिँदैन। राष्ट्रिय महत्त्वदेखि ससाना विकास निर्माणको काममा समेत निकुञ्जको कर्मचारीले बखेडा खडा गरिरहेका छन्। संरक्षित र मध्यवर्ती क्षेत्र फरक हो भन्ने कुरा निकुञ्जका कर्मचारीले बुझ्न छाडे। दुवैतर्फ एउटै कानून लागू गरिरहेका छन्। मध्यवर्ती क्षेत्रको अवधारणा आजका कर्मचारीलाई बुझाउन** [redacted]

# सबही नचावत राम गोसाईं

### स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**बङ्गलादेशमा जे भएको छ, त्यो निश्चितरूपमा जनाक्रोश हो। शेख हसिनाको तानाशाही प्रवृत्तिको विरोध हो। तर यसपछि बङ्गलादेशको गन्तव्य के ? के बङ्गलादेशमा विभेद समाप्त भएर समाजवाद लागू होला ? के कुनै समाजवादी पार्टीले यो आन्दोलनको नेतृत्व गऱ्यो ?**

तुलसीकृत रामायणमा एउटा चौपाई छ– सबै नचावत राम गोसाई, नाचत है नर मरकट नाई। अर्थात् यो संसारमा जति पनि घटनाहरू हुन्छ सबै रामले नै गर्छन् मान्छे त नाच्छ मात्र, जसरी मदारीको हातमा बाँदर नाच्छ। प्राकृतिक प्रकोप र प्रकृतिको चरित्र बुझ्नको लागि मानिसहरूले अज्ञानतावश ईश्वरको कल्पना गरेको भए पनि त्यस कल्पनामा आधारित ग्रन्थहरूमा निकै रोमाञ्चक मिथक कथाहरू रचिएको पाइन्छ। तर आजको वास्तविक संसारमा पूरै काल्पनिक ईश्वर अथवा रामले होइन कि महाशक्ति राष्ट्रहरू खासगरी, रूस र अमेरिकाले नचाउने गरेको सबैले देखेकै हो। इजरायल र पेलिस्टिनको अवस्था के छ यसबाट सबै विज्ञ छन्। अफगानिस्तान कसरी बर्बाद भयो ? के अल्लाह मियाँले बचाउन सके ? इराकमा सद्दाम हुसेनको पतन कसरी भयो ? लिबियामा कर्नल गद्दाखीको पतन कसरी भयो ? र नेपालमा राजा वीरेन्द्रको दरबार भित्रै वंशनाश कसरी भयो ? यो कोहीबाट लुकेको छैन।

यतिबेला बङ्गलादेशको जनान्दोलन, जनविद्रोह भन्नुस् वा विद्यार्थी आन्दोलन वा सर्वाधिक चर्चामा छ। बङ्गलादेशका वरिपरिका देशहरूमा अब यो चर्चा चल्न थालेको छ – यस्तै विद्रोह हामी कहाँ पनि भए हुन्थ्यो। भारतीय प्रधानमन्त्री मोदीलाई लक्षित गर्दै एकजना भारतीय बलिउडका अभिनेता प्रकाश भन्छन् हाम्रो महाराजा भागेर कहाँ जाने हुन् ? सामाजिक सञ्जालमा नेपालभित्र पनि नेताहरूलाई यस्तैगरी बढारिदिने आन्दोलन गर्न पाए हुन्थ्यो, अब बेला भइसक्यो र अब ढिलो भइसक्यो– जस्ता अभिव्यक्तिको ओइरो लागेको देखिन्छ।

शेख मुजिबुर्रहमानको नेतृत्वमा बङ्गलादेश सन् १९७१ मा पाकिस्तानबाट छुट्टिएर स्वतन्त्र देश बनेको हो। त्यसैले उनलाई राष्ट्रपिता पनि भनिन्छ। देशैभरि ठूलठूला सालिकहरू बनेपनि उनको सन् १९७५ मा हत्या गरियो। उनकी छोरी शेख हसिना र उनकी बहिनी विदेशमा भएको हुँदा बाँचे, परिवारका अरू सबै सदस्यहरूको हत्या भयो। बुवाको हत्या भएको छ वर्षपछि शेख हसिना स्वदेश फर्किन् र चुनावमा उनको पार्टी अवामी लिग भारी मत ल्याएर विजयी भयो र उनी प्रधानमन्त्री बनिन्। यो क्रम १५ वर्षसम्म चल्दै आयो। भर्खरै २०२४ जनवरीमा भएको चुनावमा पनि उनको पार्टी भारी मतले विजय भयो र उनी फेरि प्रधानमन्त्री बनिन्। तर विपक्षी पार्टीहरूले चुनावमा व्यापक धाँधली भएको भनेर विरोध गरे। उनले विरोधको बेवास्ता गरिन्। विपक्षी दलकी नेतृ बेगम खालिदा जियालाई सधैं जेलमा हालिन्, अरूलाई पनि हालिन् र तानाशाही सत्ता चलाइरहिन्। स्वतन्त्रता सङ्ग्राममा लागेका परिवारलाई ३० प्रतिशत सरकारी पदहरूमा आरक्षणको व्यवस्था गरिन्। अहिले त्यसैको विरोधमा आन्दोलन भयो। आन्दोलनलाई सरकारले दबाउन खोज्यो। एकै दिनमा ३०० जना आन्दोलनकारीको हत्या भयो। तर आन्दोलनले उग्र रूप लियो र प्रधानमन्त्री हसिना राजीनामा दिन बाध्य भइन्। आन्दोलनकारीहरू प्रधानमन्त्रीको निवासमा आक्रमण गर्न थाले फलस्वरूप प्रधानमन्त्रीले देश छोडेर भारतमा राजनीतिक शरण लिन पुगिन्।

यतिबेला आन्दोलनमा संलग्न केही व्यक्ति हिन्दूहरूमाथि पनि आक्रमण गर्दै छन्। हिन्दू मन्दिरहरू तोडफोड गर्दैछन्, आगो लगाउँदै छन्, बम हानेर ध्वस्त पार्दैछन्। मन्दिरका पुजारी, धर्मगुरुहरू निरीह भई ज्यान जोगाउन भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग हारगुहार गर्दैछन्। यतिबेला विचारणीय प्रश्न छ– कहाँ छन् ती ईश्वर, जो हिजोसम्म मन्दिरमा निवास गर्थे किन आन्दोलनकारीबाट मन्दिर र पुजारीको रक्षा गर्न सकिरहेका छैनन् ? यस घटनाले एकचोटि पुनः पुष्टि भएको छ कि ईश्वर र मन्दिर आदि धार्मिक स्थान, धर्मगुरु, पण्डित र पुजारीहरूको कमाइखाने धन्धा मात्रै हो।

बङ्गलादेशमा सर्वोच्च अदालतको आरक्षणसम्बन्धी फैसलाले तहलकापूर्ण आन्दोलन भयो। तर भारतमा अनुसूचित जाति, जनजातिको आरक्षणसम्बन्धी सर्वोच्चले गरेको पछिल्लो फैसलाविरुद्ध अनुसूचित जाति, जनजाति र दलित वर्ग आक्रोशित बनेको छ। भीम सेनासहित थुप्रै सङ्गठनले संयुक्तरूपमा २१ अगस्तका दिन भारत बन्दको घोषणा गरेका छन्। यस्तोमा प्रश्न उठ्छ के भारतमा पनि अब यस्तै विद्रोह हुन्छ त ?

हामी सबैलाई थाहा भएकै कुरा हो। संसारभरि अमेरिकी दादागिरी छ। अमेरिकी साम्राज्यवादको गुण्डागर्दी प्रजातन्त्रको सुटबुटभित्र लुकेर सयौं वर्षदेखि चल्दै आएको छ। निस्सन्देह बङ्गलादेश पनि अमेरिकी दादागिरीकै शिकार भएको हो। जानकारहरू भन्छन् सिआइएकै इशारामा विद्रोह भएको हो। अमेरिकाले चीनविरुद्ध बङ्गलादेशको भूमि सैनिक प्रयोजनको लागि प्रयोग गर्न खोजेको थियो। तर प्रधानमन्त्री शेख हसिनाले यसको लागि स्वीकृति दिइनन् अर्थात् अमेरिकी मोहमा फसिनन्। यसकारण शेख हसिनालाई सत्ताच्युत गर्न अमेरिकाले यो सबै षड्यन्त्र गरेको हो। यसभन्दा पहिले पनि इराक, इरान, लिबिया, अफगानिस्तान, प्यालेस्तिन–यी सबै ठाउँ अमेरिकी निशानामा परेकै हो। यस्तोमा के नेपाल र भारतमा यस प्रकारको आन्दोलन सम्भव छ ? पक्कै छैन, किनभने भारतको मोदी सरकार अमेरिकाको अगाडि पहिलेदेखि नै त्वम् शरणम् छ। नेपाली संसद्मा पनि कुनै यस्तो पार्टी छैन, जसले एमसिसीमा मतदान गरेन। एमसिसी भनेको निकट भविष्यमा अमेरिकी फौजी योजनालाई चीनविरुद्ध नेपाली भूमि प्रयोग गर्न दिनु हो। यस्तो चरित्रको नेपाली संसद् र पार्टीहरूबाट नेपालमा यस प्रकारको आन्दोलन कसरी सम्भव हुन्छ ? कुनै समय भित्री स्वार्थ नमिल्दा वीरेन्द्रको राष्ट्रवादले विदेशी शक्ति राष्ट्रको स्वार्थमा भाँजो हाल्दा वंश नै नाश हुनेगरी दरबारभित्रै हत्या भएको सबैले देखेकै हो। यसर्थ अब पनि हामीले यस्ता कुराबाट निश्चित रूपमा शिक्षा लिनुपर्छ।

बङ्गलादेशमा जे भएको छ त्यो निश्चितरूपमा जनाक्रोश हो। शेख हसिनाको तानाशाही प्रवृत्तिको विरोध हो। तर यसपछि बङ्गलादेशको गन्तव्य के ? के बङ्गलादेशमा विभेद समाप्त भएर समाजवाद लागू होला ? के कुनै समाजवादी पार्टीले यो आन्दोलनको नेतृत्व गऱ्यो ?

रूपमा अन्यायिक आरक्षणविरुद्ध शुरू भए पनि सारमा यो विद्रोह मूलतः आजको भूमण्डलीकृत पूँजीवादी विश्वभित्र विकासशील देशहरूले भोग्दै आएको आर्थिक सङ्कटको उपज हो। अफगानिस्तान, श्रीलङ्का र अहिले बङ्गलादेश यसका ज्वलन्त उदाहरण हुन्। समग्रमा यो भूमण्डलीकृत पूँजीवाद र आम उत्पीडित जनताबीचको अन्तर्विरोधको परिणाम हो। यसरी सत्ताच्युत गर्नु खास उपलब्धि होइन, क्रान्तिकारी समाधान मुख्य हो। जनतालाई मुर्ख र भेडा सोच्ने शासकहरूको मुटु यति बेला ढुकढुक गरिरहेको छ। अब उनीहरूको पनि पतन निश्चित छ। यथार्थमा जनता नै शक्तिशाली र निर्णायक हुन्छ। इतिहास यसको साक्षी छ र बङ्गलादेशको विद्रोहले यो पुष्टि गरेको छ। त्यसैले विकासशील देश नेपालमा पनि जनविद्रोहको परिस्थिति बन्दै गएको छ। देशको यो वस्तुगत परिस्थितिको प्रवाहलाई समात्दै आत्मगत् परिस्थितिको निर्माण गर्न आवश्यक छ। विद्रोहको क्रान्तिकारी निरूपणको लागि क्रान्तिकारी जनशक्ति बलियो पार्दै क्रान्तिकारी कार्यदिशा कार्यान्वयनमा जानुपर्छ। जनविद्रोहको लागि आत्मनिर्भर जनशक्ति विकास गर्दै जानु नै आजको कार्यदिशा हो। तर यसको ठीक उल्टा नेपालका राजनीतिक पार्टीहरू पद र पैसाको लागि मरिहत्ते गर्ने कार्यमा तल्लीन रहेको हुनाले विद्रोह गर्न समय लागिरहेको छ। जेहोस् संसारभरिका विकासशील देशहरूमा विद्रोहको विभिन्न रूप देखा परे पनि आजको मुख्य अन्तर्विरोध भूमण्डलीकृत पूँजीवाद र आम श्रमजीवी जनताबीच नै हो। विकासशील देशहरूमा झन् यो तीव्र बन्दै गइरहेको छ। सोही कुरालाई केन्द्रमा राख्दै जनविद्रोहको तयारीमा लाग्दा विभेदकारी भ्रष्ट सत्तालाई उलटपुलट गर्न सकिन्छ र वैज्ञानिक समाजवादी सत्ता ल्याउन सकिने कुराको सङ्केतको रूपमा पनि बङ्गलादेशको विद्यार्थी विद्रोहलाई लिन सकिन्छ।

# सामुदायिक वनको संरक्षणका लागि तीनै तहका सरकारको भूमिका र सहभागिता सुनिश्चित गरिनुपर्छ -वनमन्त्री ठकुरी

गोदावरी (ललितपुर), २५ साउन/रासस

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेका वनहरूको थप प्रभावकारी संरक्षण, विकास र सदुपयोग गर्न तीनै तहका सरकारको भूमिका र सहभागिता सुनिश्चित गर्नुपर्ने बताएका छन्।

वन तथा भूसंरक्षण विभागले सामुदायिक वन दिवसका अवसरमा शुक्रवार आयोजना गरेको कार्यक्रममा मन्त्री ठकुरीले विगतका उपलब्धि, अनुभव र सहभागिताका आधारमा संरक्षणका क्षेत्रमा सहकार्यलाई थप बलियो बनाउँदै लैजानुपर्ने धारणा राखे। उनले भने, "विगत चार दशकभन्दा लामो समयको उपलब्धि, अनुभव र सहभागितामूलक व्यवस्थापनबाट दिगो विकास लक्ष्य हासिल गर्न, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन, जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन कायम गर्न तीनै तहका सरकारको भूमिका छ। त्यसैले सरकार, समुदाय, गैरसरकारी, निजी क्षेत्र र विकास साझेदारलगायत सरकार भएकाहरूबीच आगामी दिनमा समेत निरन्तर सहयोग र थप सहकार्य बढाउँदै जाने अपेक्षा गरेको छु।"




कार्यक्रममा विभिन्न संस्थालाई पुरस्कृत गरिएको थियो। गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कारबाट जनज्योति सामुदायिक वन उपभोक्ता समूह बारा (प्रथम) नगद रु एक लाख, नागी सामुदायिक वन उपभोक्ता समूह म्याग्दी (द्वितीय) नगद रु ७५ हजार, दियालो सामुदायिक वन उपभोक्ता समूह झापा र उमाचोक सामुदायिक वन उपभोक्ता समूह तनहुँ (तृतीय)लाई नगद रु ५०/५० हजारसहित पुरस्कृत गरिएको थियो। यसैगरी, धानखेती सामुदायिक वन उपभोक्ता समूह, मोरङ र सिङदर्जा सामुदायिक वन उपभोक्ता समूह, रूपन्देहीलाई सान्त्वना स्वरूप रु २५/२५ हजार नगदसहित पुरस्कृत गरियो।

यस्तै, कबुलियती वन राष्ट्रिय पुरस्कारबाट बेनडाँडा कबुलियती वन समूह, पाल्पा (प्रथम)लाई रु एक लाख र सिमपानी कबुलियती वन समूह, पाँचथर (द्वितीय)लाई रु ७५ हजार नगदसहित पुरस्कृत गरिएको छ।

उनीहरूलाई प्रमुख अतिथि मन्त्री ठकुरी, विभागका महानिर्देशक शिवकुमार वाग्ले र वन तथा वातावरण राज्यमन्त्री रूपा विकले दोसल्ला ओढाएर सम्मानसहित पुरस्कार प्रदान गरेका थिए।


वन तथा भूसंरक्षण विभागका उपमहानिर्देशक धनञ्जय लामिछानेले संरक्षणमा योगदान पुऱ्याएबापत ती वन समूहलाई पुरस्कृत गरिएको बताए। उनले देशभर २३ हजारभन्दा बढी सामुदायिक वनले संरक्षणका क्षेत्रमा महत्त्वपूर्ण काम गरिरहेको बताए। "हालसम्म देशभरका २३ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले करीब २६ लाख हेक्टर क्षेत्रफलमा वनको संरक्षण, व्यवस्थापन र सदुपयोग गरिरहेका छन् भने करीब ३३ लाख घरधुरी लाभान्वित भएका छन्," उपमहानिर्देशक लामिछानेले भने, "यसबाट स्थानीय समुदायको जीविकोपार्जन सुधार, स्थानीय समुदायको नेतृत्व विकास तथा लैङ्गिक र सामाजिक समावेशीकरणमा उल्लेख्य योगदान पुगेको छ।"

यस वर्ष 'सामुदायिक वनको प्रभावकारिता तीनै तहका सरकार र समुदायको सहभागिता' नाराका साथ देशभरका वन कार्यालय, सामुदायिक वनलगायत समुदायमा आधारित वन समूह र विभिन्न सङ्घसंस्थाहरूले विविध कार्यक्रम गरी सामुदायिक वन दिवस–२०८१ मनाएका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८


## सुपादेउरालीको यात्रा

नियात्रा



जगदीशप्रसाद शर्मा

अब आयो मनको पुरानो गाँठो फुकाउने बेला भनेर हामी बिहानै अधिवेशन स्थल पुगेर सबैसँग बिदा भयौं र शुक्ला फाँटा निकुञ्ज घुमेर सुपा देउराली पनि पुगौं भन्ने मनसायले सबैलाई बाईबाई गर्दै छुट्टियौं। तर भनेजस्तो कहाँ हुन्छ र ! उपाध्यक्ष शारदा चन्दले पहिले नाश्ता अनि बिदाबारी भनेर निकै जोड गर्दा मेजबानको मन राख्नका लागि भए पनि कुर्नै पर्‍यो । कसैगरी कार्यक्रम स्थलबाट फुत्केपछि सल्लाह भयो, महाकाली पुल पनि किन नहेर्ने ? खासै




महाकाली नदीमा निर्मित ब्यारेज

टाढा छैन र गर्नु पनि खास केही छैन। अनि हाम्रो पहिलो यात्रा सोभिmयो महाकाली, नेपाल–भारत सीमान्त नदी, जसका बारेमा नेपाली मनमा गुनासैगुनासा छन्। महेन्द्रनगरबाट आधा घण्टा जति हिंडेपछि नेपाली भूभागमैं भारतीय कस्टम अफिस, उनीहरूका राइँदाइँ हेर्न पाइयो। आफ्नै भूभागमा भारतीय सुरक्षा चौकी पार गर्न विभिन्न विद्युतीय उपकरण तथा मानवीय खोजतलाशको कैयौं भङ्गाला तर्नुपर्‍यो। अन्ततः पुलमा पुग्यौं। गाडी त पर भारतीय अतिक्रमित क्षेत्रमैं छाड्नुपरेको थियो। झन्डै एक किलोमिटरजति हिंडेर पुगिएको पुल र पुल पनि आधा किलोमिटर नै लामो मलाई निकै सकस भयो। किनभने यसै बेला मेरो घुँडाले दुःख दिन थालेको थियो। मुखले ऐय्या–आत्था केही नभनेर भित्रभित्रै दुःख खेप्दै पुलपारीसम्म पुगेर भारतको रमणीय भागको अवलोकन गर्‍यौं। भारतले पानीको मामिलामा कति शोषण गरेको रहेछ भन्ने कुराको खासै अर्थ अब लाग्न छाडेको छ, गण्डक र कोशी नहर भएर आउँदा–जाँदा भोगिसकेको कुरा हो।

त्यहाँबाट फर्केर शुक्लाफाँटातिर लाग्यौं। विभिन्न ठाउँ घुम्ने हतारोमा शुक्ला फाँटा निकुञ्ज जाने बाटो सोध्नै बिस्यौं र निकै भौंतारिएपछि बल्ल गन्तव्य पुग्यौं। अन्तर्राष्ट्रियस्तरमा चर्चा पाएको शुक्ला फाँटा पुग्न ठाउँ–ठाउँमा सङ्केत चिह्नसम्म बनाइदिएका रहेनछन्। निकुञ्ज घुम्न टिकट काट्ने ठाउँ पुग्दा केही अमिल्दा फरमाइश पूरा गर्नुपर्ने सुनेपछि कार्यालयमा गएर वार्डेनसितै भेटौं भन्ने सल्लाह भयो र उतै लाग्यौं। संयोगले वार्डेन बाहिर गएका रहेछन्। वार्डेन मुनिका अधिकारी भेटिए। उनी पर्सा जिल्लाकै रहेछन्। तर आफ्नै जिल्लाका मानिसलाई भेट्दा जुन उत्फुल्लता हुनुपर्ने हो, त्यो उनमा देखिएन। तर उनले के सल्लाह दिए भने निकुञ्ज घुम्नुको पहिलो उद्देश्य हो, जङ्गली जनावर हेर्नु। अहिले



घोडाघोडी तालको एउटा अंश

झन्डै ११ बजिसकेको छ, गर्मीको यस बेला जनावरहरू बाहिर निस्कँदैनन्। हामीलाई पनि होजस्तै लाग्यो। तर महेन्द्रनगर पुगेर पनि शुक्ला फाँटा नघुमेको भनेर गिल्ला गर्लान् भनेर फोटो



सुपा देउराली मन्दिरको अग्रभागमा लेखक, रमेशकुमार दत्त, भरतबहादुर मल्ल र लक्ष्मी चौधरी (बारा प्रतिनिधि)।

खिच्ने–खिचाउने सोख नभएको मलाई पनि शुक्ला फाँटा कार्यालयछेउमा राखिएका विभिन्न सूचनामूलक बोर्डहरूको अगाडि उभिएर फोटो खिचाउन बाध्य हुनुपर्‍यो।

हिन्दीमा एउटा उखान छ–लौट के ...घर को आए। हामी फर्क्यौं। अब कसैगरी छिटो फर्कौं र सुपा देउरालीको योजना बनाऔं भन्ने थियो। योजना त बनेकै थियो, किनभने यसपालि अत्तो थाप्ने कोही थिएन। सुर त थियो, सकभर नरपानीको रिसोर्टमा बस्ने। तर त्यहाँको सम्पर्क नम्बर थिएन। छिटो पुगियो भने त्यही गएर पत्ता लगाइएला भन्ने सबैको सोच बन्यो। तर हतारमा पुग्न भनेर लँगौटी कसेर हुइँकिएका पनि होइनौं। बाटो नेपाली मापदण्डको हिसाले राम्रै थियो। बरु बाटोमा पर्ने विभिन्न निकुञ्ज क्षेत्रमा भने गाडी रोक्नुपर्ने, सीमित गतिमा हिंड्नुपर्ने, अलिकति तलमाथि हुँदा सैनिक जवानहरूको खप्की खानुपर्ने अवस्थाले, त्यो पनि तीन–तीन ठाउँमा निकै सकस भयो। एक ठाउँमा त सडकमा कतै नदेखिएको भीड देखेर के भयो होला भनेर मुटुको ढुकढुकी पनि बढ्यो। कुरा के रहेछ भने कतै एउटी माउ–हात्ती आफ्नो छावा (बच्चा)सँगै रोडमा निस्केकी छे। बच्चा साथमा भएको हुनाले यस्ता माउहरू जथाभावी आक्रामक हुन्छन्। खासगरी मोटरसाइकलहरूको ताँती बढी थियो। हामीलाई भने अगाडि बढ्न बाधा परेन। कुरा के पनि भने कोहलपुर पार गरेपछि र महेन्द्रनगरबाट त्यहाँबाट आउँदासम्म राजमार्गहरूमा यातायातका साधनहरूको जुन घुइँचो देखिन्छ, त्यो त्यस क्षेत्रमा थिएन। फाटफुट मात्र गाडीहरू चलेका देखिन्थे। हो पनि जुन ठाउँको उन्नति–प्रगति नै भएको छैन, त्यहाँ यी साधनहरूको काम नै के ?

अनि त चन्द्रौटा पुग्दा पहिलेको जस्तै राति परिसकेको थियो। अब रात यही वास बस्ने निधो भयो। तर यसपालि एक वर्ष पहिले सुर्खेत जाँदा र फर्कंदा बसेको होटलमा बसेनौं। त्यसले हामीलाई केही नजान्ने ठानेर, हामीले चाहिं देखेजानेको ठाउँ भनेर फर्कंदा पनि बसेको होटलमा राम्रो आतिथ्य पाएनौं। यसपालि बीच बजारमा एउटा अर्कै होटल (विराट ?) मा बस्यौं। होटल पहिलेभन्दा भव्य, किफायती र खाना पनि राम्रो थियो। राति खाना खाएर सुतेपछि भोलिपल्ट बिहान ५ बजे मात्र आँखा उघ्रो। अनि त सुपादेउरालीको जात्रा फत्ते गर्ने भनेर सोभिmयौं, उत्तरतिर।

पहाडी बाटो भए पनि राम्रै रहेछ। तर चन्द्रौटाबाट हिंड्न पाएको छैन, पानी त दर्कन पो थाल्यो। मनमा फेरि आशङ्का उत्पन्न भयो। पहाडी बाटो, पानी आजै जति पर्नुछ पर्छ भनेर दर्किरहेको छ, कहीं कतै पहिरोसहिरोले केही करामात


(बाँकी चौथो पातामा)


## क्याम्पसमा अचानक डिनसित जम्काभेट

स्वान्त सुखायः




सञ्जय मित्र

mitrasanjay41@gmail.com


आइतवार साँझ करीब पौने सात बजेको थियो। आइतवारको दिन भारतमा नियमित साप्ताहिक बिदा हुन्छ। आज पनि बिदाको दिन थियो। छोरीका साथीहरूसित क्याम्पस परिसर हेर्न निस्केका थियौं। सबैभन्दा पहिले बाहिरबाट होस्टलको अवलोकन गरिसकेका थियौं।

अभिभावकलाई पनि होस्टलमा प्रवेशको अनुमति छैन। म साढे तीन वर्ष पहिले पहिलोचोटि त्यस क्याम्पस परिसरमा डुलेको थिएँ केहीबेर। पहिलोचोटि छोरीलाई पुर्‍याउन जाँदा अमृता विश्वविद्यालयको स्कूल अफ एग्रिकल्चरल साइन्स भवन र छात्रावास देखेको थिएँ। चार तले छात्रावास र भव्य प्रशासनिक तथा अध्यापन हुने भवन देखेर आश्चर्य लागेको थियो। मुख्य विश्वविद्यालय भने टाढा छ तर कृषिको स्नातक हुने युनिट मात्रको विशालता आफैंमा मेरो लागि आश्यर्चजनक थियो। कृषिको विद्यार्थीलाई प्रयोगात्मक गराउन कतै ४५ एकड जमीन पनि छ भन्ने सुनेको थिएँ, करीब दश मिनेटको दूरीमा।

मौसम एकदम ठीक छ। कतै नजीकै मयुर कराएको सुनिन्छ। ठूलो हल अगाडि बसेर केहीबेरदेखि मोबाइल चलाइरहेको थिएँ। सालो बन्टी गुप्तालाई भन्छु–हामी घर बनाउँदा विचार गर्छौं कि यतिमा एउटा कोठा बन्छ, यहाँ कति धेरै जमीन




घर अगाडि खाली छाडिएको रहेछ। पछि यसै घरलाई देखाएर छोरीले भनी–यो हाम्रो कार्यक्रम हुने हल हो।

करीब एक घण्टा पहिले पुगेको थियौं त्यहाँ। कोयम्बटूर पुगेको त बुधवार नै हो। बुधवार दिउँसो करीब साढे दुई बजे कोयम्बटूर अन्तर्राष्ट्रिय विमानस्थलमा छोरीसित भेट भएको हो। कोयम्बटूर चाहिं तमिलनाडु प्रान्तको दोस्रो ठूलो शहर हो। यहाँ बिएस्सी (एजी)मा छोरीको पढाइ अन्तिम चरणमा छ। भारत सरकारले दिने छात्रवृत्तिमा छोरीले पढ्न पाएकी हो। बुधवार यहाँ आएपछि साँझ घुम्न निस्क्यौं। बिहीवार दिउँसो मूल क्याम्पस। शुक्रवार रामेश्वरम् दर्शन गरी श्रीलङ्काको सबैभन्दा नजीकको गाउँसम्म घुम्यौं। शनिवार मदुरैस्थित मीनाक्षीमन्दिर डुल्यौं। आज आइतवार बिहानै केरला प्रदेशको एउटा पर्यटकीय स्थल घुमेर अघि भर्खर कोयम्बटूर फर्केका छौं। लामो समयपछि छोरीसित पाँच दिन बितेको छ। अबको दुई हप्तापछि छोरीको पढाइ सकिने पक्का सूचना छ। आज २० साउन २०८० (४ अगस्त २०२४) हो र १६ अगस्तको दिन विश्वविद्यालयले बिदाइ कार्यक्रम राखेको म्यासेज आएको सुनिएको छ।

भिनाजु र सालो करीब एक घण्टा अलमल गरी यताउति घुमिरहन्छौं। छोरी रिया गुप्ता, आमा रेणु गुप्तालाई लिएर छात्रावास गएकी छन्। फर्कंदा सबै साथी सँगै लिएर आउँछिन् अनि डुल्ने प्रस्ताव गर्छिन्। त्यसैले हाम्रा पाइला अगाडि बढेका थिए।

विशाल कम्पाउन्डमा मूल बाटोतिर अगाडि बढ्दै गर्दा आँखा अगाडि आइपुग्यो अङ्गुरको झ्याङ। छिप्पिएको त होइन तर झुप्पाझुप्पा भएर फलेको अङ्गुरको लहरासित एकछिन संवाद गर्‍यौं। भर्खर रोपिएका लहरा भएकाले झाँगिंदै रहेछन्। झाँगिंदै गरेका बिरुवाले पनि आफ्नो कर्म गर्न किन छाड्थे र ! फूलहरू फुलेका थिए, फलहरू लाग्दै थिए। गर्मी ठाउँ भएकोले फलको स्वाद कस्तो हुने हो भन्ने आशङ्का छ सबैमा। तर आजभोलि अनेक विधि अपनाएर बेमौसमी फल, कुठाउँमा पनि उब्जाउन थालिएको छ।

अध्यापन हुने मुख्य भवनहरू हेर्दै अर्को बाटो लाग्यौं। अनेक भवन छन्। सबैभन्दा ठूलो र आकर्षक प्रशासनिक भवन हो। तर, यसमा खासै केही नहुने गरेको बुझियो। कहिलेकाहीं कोही आउँदा त्यस भवनमा चहलपहल हुन्छ, अन्यथा त्यस भवनमा केही नहुने गरेको बुझियो। बुझियो किन भनिरहेको छु भने छोरीका साथीहरू विभिन्न मातृभाषी छन्। कोही तमिल बोल्छन्, कोही तेलगु, कोही मलयालम। एकजना हिन्दी बोल्ने पनि छिन्। एकजना भैरहवाकी अवधिभाषी तर आज उनी कतै गएकी छिन्। विभिन्न मातृभाषी साथीहरूको संवादको सामान्य भाषा अङ्ग्रेजी छ। एकापसमा मिल्ने साथीहरू भने आआफ्नो मातृभाषामा पनि केही कुरा सिक्ने–सिकाउने गर्दा रहेछन्। अहिले कसैले तमिलमा अङ्ग्रेजी बोलेजस्तो वा तमिलमा हिन्दी बोलेजस्तो गरी हामीलाई बुझाउन खोज्दा त्यत्ति बुझेका हौं। कहिलेकाहीं हिन्दी र कुनै बेला अङ्ग्रेजीमा हामीले पनि फर्काउने प्रयास गरिरहेका छौं।

भित्रतिर बढिरहँदा छोरीका साथीहरू अचानक गायब हुन्छन्। अगाडिबाट आइपुग्छन् एक सज्जन। हामी चारजना छौं र सम्मुख उनी उभिन्छन्। छोरीले 'गुड इभ्निङ सर' भन्दै हाम्रो परिचय गराउँछिन् (बुबा, आमा र मामा। अनीति सज्जनतिर हेर्दै भन्छिन्–'आवर डिन सर'। हामीले एकसाथ दुवै हात जोडेर अभिवादन गर्‍यौं। ती सज्जनले अभिवादन स्वीकार गरे, फर्काए। अनि आफ्नो नाम बताए (आइ एम डा. सुदीशमनालील। मैले सम्झें– छोरीको प्रयोगात्मक गतिविधिहरू समेटेर केही समाचार प्रकाशित गर्नु थियो। त्यति बेला उनको नाम जोडेर नेपाल र अमेरिकाका केही वेबसाइट अर्थात् अनलाइन पत्रिकामा समाचार लेखेको थिएँ। केही संवाद अङ्ग्रेजीमा गर्‍यौं। उनलाई छोरीको नाम थाहा रहेछ। आनीबानी थाहा रहेछ। पढाइको बारेमा थाहा रहेछ। र, नेपालबाट गत वर्ष उत्तीर्ण गरेकी एक छात्राको बारेमा पनि सम्झना रहेछ। काठमाडौंकी ती छात्राले एमएस्सी पढ्नको लागि अमेरिकामा ट्राई गरिरहेको कुरा पनि खुशीसाथ सुनाए। अत्यन्त भद्रतापूर्वक तिनले छोरीलाई उच्च अध्ययनको लागि सुझाव दिए। कता जान निस्केका थिए कुन्नि ! नाइस टू मिट यू, थ्याङ्क्यू–भन्दै अभिवादनको भारी हात हलुकोसित उठाउँदै अगाडि बढे। हामी विपरीत दिशातिर अगाडि बढ्दै उनी गएको दिशासित हेर्‍यौं। छोरीका साथीहरू उनैलाई देखेर ओझेल परेका रहेछन्।

डिनप्रतिको उच्च सम्मान वा डिनलाई देखेर विद्यार्थीको मनमा हुने डरको भाव त्यहाँ देख्न पाइयो। सबै विद्यार्थीबारे डिनलाई जानकारी हुनु अत्यन्त फरक विषय थियो हाम्रो लागि। अगाडि बढ्दै जाँदा दुई मिनेटमैं छोरीका साथीहरू दौडेर आए। मैले सोधेको थिएँ–'किन लुक्नपुगे साथीहरू ?'

जब डिनलाई सामुन्ने आउँदै गरेको देख्छन् तब कोही अगाडि पर्न चाहँदैनन्, सबैलाई डर लाग्छ बाबा।

अमृता विश्वविद्यालय कोयम्बटूरमा नेपाली विद्यार्थीहरू पढ्न जाँदा रहेछन्। छात्रवृत्तिमा निकै कम र धेरै विद्यार्थी निजी खर्चमा। सबैभन्दा बढी विद्यार्थी इन्जिनीयरिङ पढ्न त्यहाँ पुग्छन्। कोयम्बटूरका अन्य शैक्षिक संस्थाहरूमा पनि नेपाली विद्यार्थीहरू धेरै छन्। स्तरीय पढाइको लागि त्यहाँ पुग्छन् विद्यार्थीहरू, यही कुरा विद्यार्थीहरूबाट सुनेको हुँ।

अहिले यही कम्पाउन्डमा मास्टर इन सोसल सर्भिस विषय पनि सञ्चालनमा आएको छ। पहिलो बैचको विद्यार्थीको भर्ना खुलेको छ। अनि यसै कम्पाउन्डमा एसएस्सी (एजी)को पनि पढाइको तयारी भइरहेको छ। भर्खरै विश्वविद्यालयले कृषिसम्बन्धी ठूलो मान्यता प्राप्त गरेको छ। विश्वविद्यालयले एकपछि अर्को सफलता प्राप्त गरिरहेको छ। क्याम्पस र विश्वविद्यालयको प्रगति देखेर मनमा सन्तोषको भाव जाग्छ। सात बज्न दुई मिनेट बाँकी हुँदा छोरीका साथीहरू छात्रावासतिर लाग्छन्। ठीक सात बजे छात्रावासको मूलद्वार बन्द हुन्छ। एकछिन ढिलो भयो कि गाली खप्की सहनुपर्छ।

फेरि भेट हुने विश्वासमा बिदा भए। हामी डुल्न थाल्यौं। विस्मित भएर हेर्‍यौं, डुल्यौं र करीब आधा घण्टामा हामी पनि फर्क्यौं छात्रावासतिर। महिलाबाहेक छात्रावासमा कुनै पुरुषलाई प्रवेश निषेध छ, त्यहाँ बनाइएको आगन्तुक कक्षमा बसेर केही समय मनका भावना साटासाट गर्‍यौं। निक्कै प्यारा छन् छोरीका साथीहरू, छोरीहरू।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

यसरी हेर्दा हामी देख्छौं सच्चा प्रार्थनामा प्रेमको गुण हुनु अनिवार्य छ। यसैले परमात्मासँग केही माग्नु छ भने परमात्मा नै माग्नुपर्छ। तेस्रो कुरा, यदि प्रार्थनालाई अरू तल झार्नु छ र हामी यति ठूलो कुरा माग्नै सक्दैनौं भने हामीले कुनै सद्गुरुसँग भेट होस् भनेर प्रार्थना गर्नुपर्छ । किनकि गुरु नै परमात्माका द्वार हुन् । यदि हाम्रो भेट सद्गुरुसँग भयो भने हामीलाई साधना सूत्र प्राप्त भयो भन्ने बुझ्नुपर्छ। आज नभए भोलि, भोलि नभए पर्सि सद्गुरुको सहयोगले हामी परमात्मालाई अवश्य प्राप्त गर्नेछौं। यस प्रकार गुरु माग्नु पनि परमात्मा माग्नुजस्तै हो। हामी परमात्मालाई चिन्न पनि सक्दैनौं। परमात्मालाई जान्ने कुनै उपाय पनि गर्न सक्दैनौं । यदि हाम्रो जीवनमा शिष्यत्व घट्यो भने हामीलाई परम सत्य जानिसकेको कुनै सद्गुरुको मार्गदर्शन मिल्यो भने हाम्रोलागि पनि परमात्मालाई जान्ने द्वार खुल्नेछ ।

यसैले हामीहरूले यी तीन कुरा कहिल्यै भुल्नुहुँदैन। पहिलो कुरा– हामीले साधना गर्नुपर्छ, प्रार्थना गर्नुहुँदैन, याचना गर्नुहुँदैन। दोस्रो कुरा– यदि प्रार्थना नै गर्नु छ, केही माग्नु नै छ भने परमात्मा नै माग्नुपर्छ। किनकि यही नै परमात्माप्रति प्रेमको अभिव्यक्ति हुनेछ। तेस्रो कुरा– पात्रता सानो भएको कारणले, हाम्रो झोली सानो भएको कारण, विराट परमात्मा माग्न सकेनौं भने परमात्मासँग सद्गुरु माग्नुपर्छ। शिष्यत्वको भावना माग्नुपर्छ, समर्पणको भावना माग्नुपर्छ। यसो भयो भने सद्गुरुको मार्ग निर्देशनमा परमात्माको झलक पाउनेछौं।

ओशो भन्छन्– साँचो अर्थमा प्रेम नै प्रार्थना हो । प्रेम र समर्पण छैन भने त्यहाँ प्रार्थना पनि छैन। ओशोले प्रेमको स्मरणमा एउटा अद्भुत घटना उल्लेख गरेका छन्।

एकपटक नूरी, रक्काम तथा अन्य केही सूफी फकीरहरूलाई काफिर भएको आरोप लगाएर मृत्युदण्ड दिन लागिएको थियो। जल्लाद जब नाङ्गो तरबार लिएर रक्कामको नजीकै आयो, तब नूरीले प्रसन्नताका साथ रक्कामको स्थानमा आफूलाई प्रस्तुत गरिदिए । त्यहाँ मृत्युदण्डको रमिता हेर्न हजारौं मानिस उपस्थित थिए । त्यो दृश्य देखेर सबै दर्शक स्तब्ध भए।

नूरीले त्यस्तो गरेको देखेर जल्लादले चिच्याउँदै भन्यो– हे युवक ! तरबार यस्तो वस्तु हैन कि त्यसको नजीक आउन मानिस उत्सुक तथा व्याकुल बनोस्। तिम्रो पालो पनि आएको छैन । तिमी किन तरबार नजीक आउँछौ।

जल्लादको कुरा सुनेर नूरीले भने– हे जल्लाद ! म सूफी फकीर हुँ। प्रेम नै मेरो धर्म हो। म मान्दछु कि जीवन नै संसारमा सबैभन्दा मूल्यवान् वस्तु हो। तर प्रेमको दाँजोमा यो जीवन केही पनि होइन। जुन मानिस प्रेममा उपलब्ध भएको छ, उसको लागि यो जीवन खेल जस्तै हो। संसारमा जीवन श्रेष्ठ छ, तर प्रेम जीवनभन्दा पनि श्रेष्ठ छ। किनकि प्रेम संसारको अङ्ग हैन, सत्यको अङ्ग हो। प्रेमले भन्छ– जब मृत्यु आउँछ, तब तिमी आफ्नो मित्रको अगाडि उभिएर उसको रक्षा गर । जब जीवन आउँछ, तब मित्रभन्दा पछाडि जाऊ र मित्रलाई बाँच्न देऊ। यसैलाई सुफीको भाषामा प्रार्थना भनिन्छ। प्रार्थनाको कुनै ढाँचा हुँदैन। प्रार्थना त हृदयको सहज अङ्कुरण हो। भनिन्छ, जसरी पर्वत शृङ्खलाबाट झरना निस्कन्छ, यसैगरी प्रेमपूर्ण हृदयबाट प्रार्थनाको अविर्भाव हुन्छ।

ओशोले जुन प्रार्थनाको कुरा गरिरहेका छन्, त्यो प्रार्थना गर्नका लागि मन्दिर, मस्जिद, गिर्जाघर वा गुरुद्वारा जानु आवश्यक छैन। हामी जहाँ छौं, जस्तो जीवन जिइरहेका छौं, जे गरिरहेका छौं, त्यसैमा प्रेम तत्त्वलाई जोडिदिनुपर्छ। हाम्रा प्रत्येक सानासाना कर्ममा जब प्रेम जोडिन्छ, तब त्यो कर्म सानो हुँदैन। त्यो कर्म प्रार्थनापूर्ण कर्म बन्न जान्छ।

जस्तो हामी भोजन गरिरहेका छौं र यदि हामी त्यो भोजन होशपूर्ण भएर, ध्यानपूर्वक, प्रेमपूर्ण भएर, संवेदनशीलताको साथ ग्रहण गरिरहेका छौं भने त्यो परमात्मालाई लगाइएको भोग हुन पुग्छ। हामी स्नान गरिरहेका छौं भने स्नानप्रति पूरा संवेदनशील भएर, अत्यन्त प्रेमपूर्वक, सम्मानपूर्वक, यस शरीरको सम्मानको साथ सरसफाइ गरिरहेका छौं भने यो शरीर परमात्माको आवासस्थल भएकोले यो कार्य परमात्माको मन्दिरको सरसफाइ गरे जस्तै प्रार्थनापूर्ण कार्य हुन जान्छ।

विज्ञान भैरवतन्त्रमा एउटा ध्यान विधिमा भगवान् शिवले देवी पार्वतीसँग भनेका छन्– श्वास यसरी लिनु जसरी यो पूजाको कृत्य हो। भक्तिपूर्वक श्वास लिनू । हामीहरू आफ्ना सानासाना कर्मलाई प्रेमपूर्ण सम्पादन गरेर प्रार्थनापूर्ण बनाउन सक्छौं। हामीले हाम्रा हरेक कर्ममा प्रेम तथा होश यी दुई तत्त्व जोडेर प्रार्थनापूर्ण बनाउन सक्छौं । प्रार्थना कण्ठस्थ पारेर औपचारिक ढङ्गले दोहोऱ्याइ–तेहेऱ्याइ भनिने शाब्दिक क्रिया हैन। यो त हाम्रो पूरा जीवनबाट निस्केको अभिव्यक्ति हो । यदि प्रेमले ओतप्रोत भयो भने हाम्रो बोलाइ, उठाइबसाइ, हिंडाइडुलाइ सबै थोक प्रार्थनामय हुन सक्छ।

इसाइको प्रार्थना, हिन्दूको प्रार्थना, जैनको प्रार्थना वा बौद्धको प्रार्थनाजस्तो कुनै विशेष स्थानमा गएर कण्ठस्थ गरिएको प्रार्थना गर्नु जरुरी छैन। यस्तो कण्ठस्थ गरिएको प्रार्थना सुन्ने कोही छैन। जब हामी प्रेमपूर्वक जीवन जिउँछौं, तब यसमा केही याचना हुँदैन। यसमा हामी अरूको लागि केही गर्न सकौं भन्ने भावना हुन्छ। यसमा हामी आफ्नोलागि केही माग गर्दैनौं। यसमा सम्पूर्ण कुरा परिवर्तन भएको छ।

हामी जसलाई सामान्य प्रार्थना भन्छौं, त्यसमा याचना हुन्छ। अरूसँग केही धुत्ने कोशिश हुन्छ। ओशो भन्छन्– सच्चा प्रार्थना त्यो हो, जसमा दिने भाव हुन्छ। प्रेम दान हो, मगन्तेजस्तो भीखमङ्गापन होइन। हामी सबै सच्चा प्रार्थनामा डुबौं। प्रार्थनाको नाममा याचना नगरौं।

निर्मल चित्त नै चेतना हो। यसको मतलब शुद्ध मन नै आत्मा हो। हामीले चित्त र चेतनालाई यसरी बुझ्नुपर्छ कि जस्तो कुनै मानिस समुद्र किनारमा घुम्न गएको छ, ऊसँग हामीले सोध्यौं कि के तिमीले समुद्र देखेका छौ ? उसले उत्तर दिनेछ– मैले अवश्य पनि समुद्र देखेको छु। उसले आफ्नो क्यामराबाट दुई/चार वटा फोटोग्राफ पनि देखाउनेछ। तर साँच्चीकै हेर्ने हो भने उसले सागर हैन, सागरको सतह मात्र देखेको छ, जहाँ लहर उठ्छ। शान्त हुन्छ। लहरहरू किनारमा आउँछन्, ठोकिन्छन् ठूलो आवाज गर्छन् र फर्किएर जान्छन्। सागर त धेरै गहिरो छ। प्रशान्त महासागरलाई नै लिने हो भने यसको गहिराइ पाँच माइल छ। के उसले यो गहिराइको अनुभव गरेको छ ? उसले त सतह मात्र देखेको छ। उसले माथिमाथिका तरङ्गहरूलाई मात्र जानेको छ। यहा फिंज छ, पानीका फोकाहरू छन, लहरहरू छन, ठूलो ठूलो आवाज छ। यहाँ आँधी तुफान पनि आँउछन र जान्छन। लहरहरू किनारमा ठक्कर खाएर ठूलो ठूलो स्वर पैदा गर्छन। तर समुन्द्रमा एउटा गहिराइ पनि छ, जहाँ कुनै ध्वनी नै छैन, जहाँ पूर्ण शान्ति नै शान्ति छ।

सन्त कबीर भन्नुहुन्छ– "जिन खोजा तिन पाइयाँ, गहरे पानी पैठ। मैं बउरी डुबन डरी, रही किनारे बैठ।" मोती त समुद्रको गहिराइमा हुन्छ। सतहमा त फिंज र पानीका फोका मात्र हुन्छन्। त्यहाँ ठूलो इन्द्रधनुष जस्तो दृश्य पनि देखिन सक्छ। पानीका सानासाना थोपाहरूमा सूर्यको किरणका सात रङ्ग पनि देखिन सक्छ। तर त्यो इन्द्रधनुष देखिएको ठाउँमा केही हुँदैन, यो हाम्रो एउटा आभास मात्र हो, भ्रम मात्र हो।

क्रमशः

# कार्बन डाइअक्साइड र नाइट्रस अक्साइड प्वायजनिङ


स्वास्थ्य चर्चा



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

कार्बन मोनोक्साइड हावाको नर्मल संरचना होइन तर कार्बन डाइक्साइड नर्मल संरचना हो । हावाको नर्मल संरचनामा नाइट्रोजन ७८.०९ प्रतिशत, आक्सिजन २०.९५, कार्बन डाइअक्साइड ०.०४, आर्गन ०.९३ प्रतिशत र केही मात्रामा हिलियम, नियोन, मिथेन, हाइड्रोजन र भाप मात्र हुन्छन्। सवाल यो उठ्छ कि कार्बन डाइअक्साइड प्राकृतिक भएपनि कसरी विषाक्त हुन्छ त ? प्रकृतिले त यसलाई वरदानको रूपमा दिएको छ । प्राणीजगत्ले आक्सिजन लिन्छ र कार्बन डाइअक्साइड छोड्छ। बोटबिरुवाले कार्बन डाइअक्साइड लिन्छन् र आक्सिजन छोड्छन्। बोटबिरुवाले छोडेको आक्सिजनले हाम्रो जीवन चल्छ र हामीले छोडेको कार्बन डाइअक्साइडले उनको जीवन चल्छ। यस प्राकृतिक चक्रले हावाको संरचना सधैं समान रहन्छ। यतिमात्र होइन, जीवनलाई उष्मा चाहिएको हुन्छ। त्यो कार्बन डाइअक्साइडले नै दिन्छ। त्यो कसरी भने सूर्यको उष्मा जब पृथ्वीमा आउँछ, तब सबै परावर्तित भएर फर्केर जान्छ र पृथ्वीमा कुनै उष्मा बाँकी रहँदैन। तर प्रकृतिको कमाल के छ भने यही कार्बन डाइअक्साइडले आफ्ना सहयोगी मिथेन र नाइट्रस अक्साइडको साथ त्यस उष्मालाई आफूमा समाहित गरेर राख्छ, अनि मात्र हाम्रो जीवन हराभरा रहन्छ। रेगिस्तानमा दिनमा आवश्यकताभन्दा धेरै गर्मी र रातमा धेरै चीसो हुन्छ। कहीं पनि बोटबिरुवा लगाइयो भने दिनको प्रचण्ड गर्मी र रातको चीसो सहन सक्दैन। त्यसैले बोटबिरुवा रोपेको ठाउँलाई सीसा वा प्लास्टिकको सेड लगाइदिइन्छ, जसले गर्मीलाई आफूमा सोसेर बोटबिरुवामाथि पर्न दिँदैन। रातको चीसोमा सेडले सोसेर राखेको उष्मा छाडेर ठन्डीबाट जोगाउँछ। यसरी सेडभित्र बिरुवा हराभरा रहन्छ। त्यस सेडलाई ग्रीनहाउस भनिन्छ र त्यसले पार्ने प्रभावलाई ग्रीनहाउस इफेक्ट भनिन्छ। त्यस सेडजस्तै काम वायुमण्डलमा उपस्थित कार्बन डाइअक्साइड, मिथेन र नाइट्रस अक्साइडले पनि गर्छ, त्यसैले त्यसलाई ग्रीनहाउस ग्याँस भनियो, जसमा कार्बन डाइअक्साइडको स्थान सर्वोपरि छ। तर हामीलाई चाहिने उष्मा ०.०४ प्रतिशत कार्बन डाइअक्साइडले नै पूरा गरिदिन्छ। तर हामीले त्यो स्तरलाई बढाइदिएका छौं, जस कारण हामीले बढी ताप सहनुपरेको छ। यसरी उपयोगी कुरा पनि अनुपयोगी बनेको छ। दिनरात रुखबिरूवाको कटाइ, उद्योगीकरण, जैविक ऊर्जाको खपत र आधुनिकताले हरितग्याँस यति विघ्न बढिरहेको छ कि ग्लोबल वार्मिङको सीमा नाघिसकेको छ र प्राणीहरूको जीवन निस्सासिन थालेको छ। पृथ्वीको तापक्रम बढ्दो स्थितिमा छ र अब १.५ डिग्री सेल्सियसभन्दा बढी नहुन दिन वैज्ञानिकहरू प्रयासरत छन्। २०२१ मा अमेरिकामा मापन गरिएको ग्रीनहाउनस ग्याँसको मात्रा ५.३४०२ मिलियन टन थियो, जसमा कार्बन डाइअक्साइड ७९.४, मिथेन ११.५ र नाइट्रस अक्साइड ५.२ प्रतिशत थियो।

कार्बनडाइआक्साइड भारी, रंगहीन र हलुका अमिलो स्वाद भएको ग्याँस हो। हावामा यसको मात्रा ०.०४ प्रतिशत हुन्छ। जब यो मात्रा ०.५ प्रतिशत पुग्छ, तब साँसको गति बढ्छ, वाकवाकी, अम्लीय स्वाद, शिरदर्द, चक्कर लाग्छ तथा मांसपेशीको शक्ति घट्छ। १.० प्रतिशतमा तीव्र श्वसनको




साथै, कान बज्ने, मानसिक भ्रम, हातखुट्टा काम्ने, पसिना आउने, दृष्टिमा गडबडी र चेतनशून्यता हुन्छ। २ र ३ प्रतिशत सीधैं स्नायुको विषाक्तता पैदा गरेर, कन्भल्सन र कोर्टिकल उत्तेजनाले मृत्युमा लग्छ। यदि भेन्टिलेशन अपर्याप्त छ भने कोठाको ०.५ प्रतिशतले र भीडभाड हुने ठाउँमा पनि यसले बिमारी पैदा गर्छ। बढी तापक्रम, आद्रतामा अझ् बढी हुन्छ। यस्तोमा लामो समयसम्म बस्दा भोकको कमी, अपच, कमजोरी र रक्ताल्पता विकसित हुन्छ। कार्बन डाइअक्साइड श्वसन क्रिया, कुनै पदार्थ जल्ने, फर्मेन्टेशन र जनावरको कुहिने प्रक्रियाले जम्मा हुन्छ। यसले कोयलाखानीमा चोकडैम्प बनाउँछ। चोक मतलब सास लिन नसक्नु र डैम्पको मतलब ग्याँस हुन्छ। त्यहाँ कार्बन डाइअक्साइडले आक्सिजनलाई यसरी विस्थापित गरिदिएको हुन्छ कि जब मान्छे, त्यहाँ पुग्छ, तब सास लिन नसकेर मर्छ। चुनावको भट्टिको अगलबगलमा पनि कार्बोनेट जलाउँदा कार्बन डाइअक्साइडको प्रसार हुन्छ। यो हावाभन्दा भारी भएकोले इनार र अन्य गहिरो ठाउँको तल्लो भागमा जम्मा हुन्छ। यो सुखा बरफ र रेफ्रिजरेटरको कम्पार्टमेन्टबाट पनि रिलिज हुन्छ। कोकाकोलाको बोतलमा दबाब दिएर कार्बनडाइआक्साइड भरियेको हुन्छ, जुन खोल्ना साथ फ्रीज बाहिर निस्कन्छ।

जब कार्बन डाइअक्साइडलाई ५ देखि ७ प्रतिशतको मात्रामा आक्सिजनको साथ मिलाएर दिइन्छ तब यसले श्वास प्रश्वासको केन्द्रलाई उत्तेजित पार्छ तर एनोक्सिमिया अर्थात् रगतमा आक्सिजन कमीले डिप्रेस्ड बनाइदिन्छ। यो ब्रेनको रक्तवाहिनी नलीलाई फैलाइदिने एक शक्तिशाली तत्त्व हो। छालामा यसले रक्त बढाएर रातो पारिदिन्छ। सेलियल कार्बनडाइआक्साइड सुक्खा बरफको रूपमा बिक्री हुन्छ। यो आगो निभाउनको लागि प्रत्येक सार्वजनिक ठाउँमा राखिन्छ। यसको सुपरसेचुरेशनको प्रयोग सोडावाटर हो, जसको पेयको रूपमा व्यापक प्रयोग हुन्छ, किनभने यसले मुख र आमाशयको म्युकस स्तरलाई उत्तेजित पार्छ। यसको विषाक्तता शिर भारी हुनेबाट शुरू हुन्छ र टाउको साइड अर्थात् टेम्पोरल धमनीमा रोपिएको रूपमा अग्रसर हुन्छ। यसको अतिरिक्त चक्कर आउने, कान बज्ने, भारीपन महसूस हुने, मांसपेशी कमजोर हुने, पसिना आउने, बेचैनी, स्मरणशक्ति र एकाग्रतामा कमी, पिसाब गर्न नसक्ने र पिसाबथैलीमा जम्मा हुँदै जाने, लट्ठ पार्ने, सायनोसिस र कोमा भई सास लिन कठिन हुने आदि हुन्छन्। मृत्यु दम फुल्नाले हुन्छ। कहिलेकाहीं कन्भल्शन र मतिभ्रम पनि हुन्छ। ६० देखि ८० प्रतिशत कार्बन डाइआक्साइडमा सास लियो भने इपिग्लोटिस बन्द भएर र निसासिएर तुरुन्त र अचानक पनि मृत्यु हुन पुग्छ।

उपचारमा सर्वप्रथम रोगीलाई खुला हावामा सुताएर आक्सिजन दिनुको साथै कृत्रिम रेसपिरेशन शुरू गरिन्छ। थाम नामक एमाइन वफर औषधि नसाबाट दिइन्छ। सास फर्केपछि शरीरको तापक्रम र रक्तचाप सन्तुलित गरिन्छ। शरीरलाई काम्लोले राम्ररी छोपेर रोगीलाई कफी वा ब्रान्डी दिइन्छ। यदि रोगी इनारमा छ भने बचाउनको लागि भित्र नगएर बाहिरैबाट पाइपले आक्सिजन पुऱ्याउनुपर्छ।

कार्बन डाइअक्साइड प्वाइजनिङ मुख्यरूपले अचानक र दुर्घटनास्वरूप नै हुन्छ। अहिले ग्लोबल वार्मिङको युग हो। एक प्रकारले हामी सबै कार्बन डाइअक्साइड जोनमा छौं। अतः हामी सबैले वैज्ञानिकको चिन्ताबाट संज्ञान लिनुपर्छ। पर्यावरण सुरक्षाभन्दा ठूलो आज अर्को कुनै समस्या छैन।

**नाइट्रस अक्साइड** : जसरी कार्बनको एक भाग र आक्सिजनको दुई भाग मिलेर कार्बन डाइअक्साइड बनेजस्तै नाइट्रोजनको दुई भाग र आक्सिजनको एक भाग मिलेर नाइट्रस अक्साइड बन्छ। अतः कार्बन डाइअक्साइडपछि नाइट्रस अक्साइडको विषाक्ताबारेमा जान्नु पनि राम्रो हुन्छ। भर्खर अमेरिकामा एकजना अपराधीलाई नाइट्रस अक्साइड दिएर मृत्युदण्ड दिने तय भएको छ तर त्यसको विरोध पनि भइरहेको छ। नाइट्रस अक्साइडलाई लाफिङ ग्याँस पनि भनिन्छ। अलिकति सुँघाएपछि विनाकारण मानिस हाँस्न थाल्छ। तर १०० प्रतिशत नाइट्रस अक्साइड सुँघायो भने तत्काल मृत्यु हुन्छ किनभने कार्बन डाइअक्साइड, कार्बन मोनोक्साइड र नाइट्रस अक्साइड सबै एस्फेक्सियस ग्याँस हुन् अर्थात् यी ग्याँसहरूले शरीरको अक्सिजन विस्थापित गरिदिन्छन्। लाफिङ त्यति बेला हुन्छ, जब नाइट्रस अक्साइडमा २० प्रतिशत आक्सिजन मिलाएर दिइन्छ। अमोनियम नाइट्रेटलाई तताएपछि नाइट्रस अक्साइड प्राप्त हुन्छ। हिस्टेरिया उत्पन्न गर्ने स्थितिबाट बढेपछि यसले एनेस्थेसियाको काम गर्छ, जसमा माइनर सर्जरी गर्न सकिन्छ। यस्तो प्रयोग प्रायः डेन्टिस्ट्रीमा उपयोग गरिन्छ। मृत्यु प्रपायः केही मिनेटमैं हुन्छ तर कहिलेकाहीं ७२ घण्टासम्म लाग्छ। मृत्यु फोक्सो फेल भएर हुन्छ। मुटु केही समयसम्म चल्छ।

**नाइट्रस अक्साइड** : यो पनि ग्रीनहाउस ग्याँस हो, जसको उष्मा शोषण गर्ने शक्ति कार्बन डाइअक्साइडभन्दा २६ गुणा र मिथेनभन्दा २८ गुणा बढी हुन्छ। अस्तु !

## सुपा देउरालीको यात्रा

त देखाउँदैन ! अगुल्टोले पोलेको ... बिजुली देखेर तर्सन्छ भन्ने अवस्था थियो। तर आधा घण्टापछि पानी थामियो र बाटोमा चिया–कफी खाँदै झन्डै डेढ सय किलोमिटर टाढा सुपा देउराली पुग्यौं।

सुपा देउराली ठाउँको नाम रहेछ। सुपा ठाउँको ठाउँको नाउँ र देउराली भनेको पहाडको कुनै ठाउँमा रहेको समतल र फराकिलो ठाउँ। देउराली साँघुरो थियो। बाटोबाहेक केही मात्र फराकिलो ठाउँ। देवीको मन्दिर रहेको भाग सडकबाहेक १०० जति चौडा र सडकको लहरै दुवैतिर बनेका घर–टहराहरूको आधा किलोमिटर जति लामो बस्ती। सुपा देउराली भगवतीको निकै ख्याति रहेछ। त्यो दिन त्यति पानी परिरहँदा पनि मानिसहरूको घुइँचो नै लागेको थियो। वरिपरि हरिया पहाडको बीचमा मन्दिर निकै शोभायमान देखिन्थ्यो। केहीले विधिपूर्वक पूजा गरे, म वरपर घुम्न र फोटो खिच्नतिर लागें। झन्डै आधा घण्टाजति देउरालीको आनन्द लिएर फर्क्यौं।

अब सरासर घर फर्कनु थियो। ढिलो–चाँडोको कुनै द्विविधा थिएन। फर्कँदै गर्दा बाटोमा घोडाघोडी ताल पनि छ भन्ने सुनियो। हामी थाकेर लखतरान थियौं, त्यसैले खासै वास्ता गरेनौं। संयोगले कसैले भन्यो राजमार्गछेउमैं छ। त्यसो भए किन नघुम्ने भन्ने सबैको मन भयो। तर त्यतिन्जेल घोडाघोडी ताल कटिसकेको थियो। पछाडि फर्क्यौं। राजमार्गमा रहेको त्यस्तो रमणीय ठाउँमा सङ्केत–चिह्न पनि नराखेको। महेन्द्रनगरमा पनि त्यस्तै अव्यवस्था देख्दा मानिस आफ्नै सोचले पछाडि पर्छ भन्ने कुरालाई बल पुग्छ। तर होइन रहेछ, सङ्केत बोर्ड त बडेमाको रहेछ, तर ढलेकोले नदेखिने। यो त झन् उदेकलाग्दो कुरा ! गाडी घुमाएर तालको विपरीत साइडतिर उभ्यायौं र राजमार्ग पारी पुग्न पाइएको छैन, तालको अनुहार देखापरिहाल्यो। त्यत्रो गर्मीमा पनि मानिसहरूको चहलपहल, खासगरी युवाहरूको, रमाइलो लाग्यो। भित्रभित्र घुम्दै जाँदा त यो ठाउँ कुनै पनि किसिमले हेला गर्ने खालको रहेनछ। ठूलो ताल, वरिपरि जङ्गलै–जङ्गल, हिंड्नका लागि ज्येष्ठ नागरिक पार्क, वीरगंजमा लगाएकोजस्तो टायल। आहा ! कुनै कल्पनाशील वास्तुकारले देख्ने हो भने कति राम्रो बनाइदिन्थ्यो होला। नेपालमा यस्ता ठाउँको थोरै खर्चमा राम्रो व्यवस्थापन गरिदिने हो भने पर्यटकको के कमी ? तर देश चलाउनेहरू त पर्यटक भनेको गोरो छाला मात्र देख्छन्, आन्तरिक पर्यटन पनि हुन्छ भन्ने कुरा यिनको गिदीमा कसरी छिर्ने ! यसलाई बस्न लायक बनाएर प्रचारप्रसार गर्ने हो भने पोखरा घुम्ने कम्तिमा आधा पर्यटक त यता पनि आउँदा हुन्।

घोडाघोडी तालको राम्रो प्रचार र व्यवस्थापन गरिदिने हो भने युवाहरूको खास आकर्षण बन्न बेर लाग्दैन। रमणीयता र आफ्नो नामको सार्थकताले गर्दा। युगल किशोरहरूका लागि त यो सपनाकै ठाउँ बन्नेछ। कुनै समय प्रेम–सम्बन्ध तोड्नै नसक्ने एउटा युगल, घर–समाजको ताडनाले विवश भएर घर छोडेर भागेछ। भागेर जङ्गलको यसै भागमा आइपुग्दा, खान–बस्नको पीर पऱ्यो। भोकभोकै मर्नु कि परिवारमा फर्केर सम्बन्ध चुँडाउनु भन्ने दोधार पर्दा, बरु सँगै मरौंला भनेर जङ्गलमा भौंतारिइरहेको बेला एकजना सिद्धपुरुष फेला परेछन्। सिद्धपुरुषले सोधेछन्–यहाँ त जनावरहरू मात्र बाँच्न सक्छन्। उनीहरूले जनावर भएरै बाँचौंला, तर छुट्टिन्नौं भनेपछि सिद्धपुरुषले उनीहरूलाई घोडा र घोडी बनाइदिएछन्। यो कथा के भेलेन्टाइन डेभन्दा कम जोरदार छ ? अप्रतिम प्रेमको यो कथा, किम्बदन्ति नै होला, तर सुखद र त्यागको परम उत्कर्षको कथा हो। कुन प्रेमी यस्तो कथाको रचना भएको ठाउँ जान नचाहला ?

घोडा र घोडीमा परिणत भएका युगल प्रेमीको मनले खिचेको फोटो साथमा लिएर हामी आफ्नो बाटो लाग्यौं। मेरो मनमा आजसम्म गडेको कुरा हो, कुनै शिल्पकारले कल्पनाले भए पनि त्यस युगलजोडीको एउटा मूर्ति बनाएर त्यस स्थानमा राखिदेओस्।

बेलुकापख घर आइपुग्यौं। पाँचौं दिन बेलुकी घरमा पाइला टेक्दा आजभन्दा ५६ वर्ष पहिले त्यस्तै नियती भोगेकी अन्तरङ्गिनीको अनुहार धेरै बेरसम्म हेरिरहें।

## अन्तर्राष्ट्रिय समाचार

# आगामी साता बाइडेन र ह्यारिसले अभियानलाई संयुक्तरूपमा नेतृत्व गर्दै

रेहोबोथ बिच, २५ साउन/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले राष्ट्रपतीय निर्वाचनबाट बाहिरिने घोषणापछि पहिलोपटक उनी र उपराष्ट्रपति तथा डेमोक्रेटिक पार्टीका उम्मेदवार कमला ह्यारिसले आगामी साता आफ्नो दलको चुनावी अभियानको संयुक्त नेतृत्व गर्ने भएका छन् ।



नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपतीय निर्वाचनबाट रिपब्लिकन नेता ट्रम्पविरुद्धको प्रतिस्पर्धाबाट पछि हट्ने निर्णयपछि बाइडेनको यो पहिलो चुनावी सम्बोधन हुनेछ ।

आफ्नो कार्यकालको अन्तिम महीनाहरूमा आफ्नो विरासतलाई जोगाउन र नयाँ डेमोक्रेटिक उम्मेदवारलाई जिताउने अभियानमा राष्ट्रपति बाइडेनले अगस्त १५ मा वाशिङ्टननजीकै मेरिल्यान्ड राज्यमा आयोजना हुने कार्यक्रममा उपराष्ट्रपतिको साथमा उपस्थित भएर समर्थकलाई हौसला प्रदान गर्ने घोषणा गरेका छन् ।

ह्वाइट हाउसले शुक्रवार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "नेताद्वयले अमेरिकी जनताका लागि लागत घटाउन गरिरहेको कार्यक्रमलाई अभियानका क्रममा समर्थकमाझ सार्वजनिक गर्नुहुनेछ ।"

अमेरिकाको मुद्रास्फीति कमजोर भएको अवस्थामा नोभेम्बरमा हुने चुनावमा आफ्नो एजेन्डालाई कसरी अघि प्रस्तुत गर्नेछन्, यो अमेरिकी मतदाताले हेरिरहेको गम्भीर विषय हो ।

बाइडेनले आफ्नो उमेर र मानसिक तीक्ष्णताको बारेमा चिन्ता व्यक्त गरिएको ट्रम्पविरुद्धको कमजोर बहसपछि पदबाट राजीनामा दिने घोषणा गरेका थिए ।

अमेरिकी इतिहासमा पहिलो महिला, अश्वेत र दक्षिण एशियाली मूलकी उपराष्ट्रपतिले भव्य जुलुसहरूको एकपछि अर्को शृङ्खला प्रदर्शन गर्न सफल भएकी छन् । अभियानमा बढ्दो सहभागिता, अत्यधिक चन्दा सङ्कलनसँगै ह्यारिसले रिपब्लिकन पार्टीका तर्फबाट अमेरिकालाई एकपटक राजनीतिक नेतृत्व दिइसकेका पूर्वराष्ट्रपति ट्रम्पको चुनावी अग्रतामा चुनौती खडा गरिसकेकी छन् ।

डेलावेयरस्थित आफ्नो घरमा लामो बिदा बिताइरहेका राष्ट्रपति बाइडेनले अगस्त १९ देखि सिकागोमा शुरू हुने डेमोक्रेटिक पार्टीको राष्ट्रिय सम्मेलनसम्म ह्यारिसको समर्थनमा कुनै ठूलो राजनीतिक उपस्थिति जनाउने अपेक्षा गरिएको थिएन । तर अमेरिकी राजनीतिमा झन्डै पाँच दशक लामो करियरबाट बाहिरिने तयारीमा रहेका डेमोक्रेट बाइडेन आफ्नो विरासतलाई अगाडि बढाउन इच्छुक रहेको सङ्केत अभियानमा सहभागी हुने पछिल्लो घोषणाबाट पनि देखिएको छ । यसको एउटा हिस्सा उनको प्रतिद्वन्द्वी र सन् २०२० को चुनावमा उनले पराजित गरेका व्यक्ति ट्रम्पविरुद्ध ह्यारिसको विजय सुनिश्चित गर्न हरसम्भव प्रयास गर्नु हो ।

गत हप्ता बाइडेनले अमेरिकी पत्रकार इभान गेर्शकोभिच र अन्य बन्दीहरूलाई स्वागत गर्दा बाइडेनको पक्षमा ह्यारिसको उपस्थिति निकै स्पष्ट देखिएको थियो ।

समाचार संस्था पोलिटिकोका अनुसार ह्यारिस अब पेन्सिलभेनिया र मिशिगनजस्ता निर्वाचनमा अति प्रतिस्पर्धा हुने राज्यहरूमा बाइडेनलाई मिलेको समर्थनलाई सुरक्षित गर्न चाहन्छिन् ।

ती क्षेत्रमा अहिले पनि विशेषगरी पाका श्वेत मतदाताहरूसँग बाइडेनको लोकप्रियता बढी रहेको छ ।

बाइडेनले आफूप्रतिको लोकप्रिय मत प्रभावित हुनबाट रोक्नेछन् र नोभेम्बरले यस पहिलेको उनीप्रतिको मोहलाई सर्लक्कै ह्यारिसमा सार्ने प्रयास गर्नेछन् । रासस

# युद्धविराम वार्ता पुनः शुरू गर्न इजरायल सहमत

गाजा क्षेत्र, २५ साउन/एएफपी

विश्वव्यापी आग्रह र अमेरिका, कतार र इजिप्टका मध्यस्थकर्ताहरूको अनुरोधमा अगस्त १५ देखि गाजा युद्धविराम वार्ता पुनः शुरू गर्न इजरायल सहमत भएको प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले जनाएको छ ।

गाजास्थित हमास नियन्त्रित नागरिक सुरक्षा निकायले दुईवटा विद्यालयमा गरिएको इजरायली आक्रमणमा बिहीवार पनि १८ जनाभन्दा बढीको मृत्यु भएको जनाएको छ ।

नोभेम्बरमा एक हप्ता लामो युद्धविरामपछि मध्यस्थकर्ताहरूले युद्ध अन्त्य र शान्ति स्थापनाका लागि दोस्रो युद्धविरामको प्रयास गरेका छन् ।

बिहीवार संयुक्त वक्तव्य जारी गर्दै तीन देशका नेताहरूले युद्धरत पक्षहरूलाई अगस्त १५ मा दोहा वा कायरोमा पुनः वार्ता गरी सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न अनुरोध गरेका छन् ।

मध्यस्थकर्ताहरूले सम्झौता ढाँचा प्रस्तुत गरिसकिएको जनाउँदै कार्यान्वयनका लागि सहमतिको विवरणसहित निष्कर्षमा पुग्न बाँकी रहेको उल्लेख गरेका छन् ।

नेतान्याहुको कार्यालयले इजरायलले अगस्त १५ मा सम्झौता कार्यान्वयनको विवरण तयार गर्न तोकिएको स्थानमा वार्ता टोली पठाउने जनाएको छ ।

गाजामा बन्दी बनाइएकाहरूको रिहाइ र सहायता वितरणलगायतका विषयमा चरणबद्धरूपमा छलफल गर्ने विषयमा युद्धविराम सम्झौता केन्द्रित हुनेछ ।

यो युद्धविरामसम्बन्धी छलफल अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रस्तावित ढाँचामा केन्द्रित रहेको जनाइएको छ, जुन ढाँचा इजरायली प्रस्तावमा तयार भएको हो ।

अधिकारीले नाम उल्लेख नगर्ने शर्तमा नेतान्याहुले सम्झौतामा रोक लगाएको सुझावलाई अस्वीकार गर्दै पत्रकारहरूलाई इजरायल युद्धविराम वार्ताप्रति पूर्वाग्रही रहेको जानकारी दिएका छन् ।

वार्ताको घोषणा हनियाको मृत्युपछि हमासले इजरायल आक्रमणका प्रमुख योजनाकार याह्या सिनवारलाई नयाँ नेताको रूपमा नियुक्त गरेपछि आएको हो । रासस

# पाकिस्तानमा बाल दुर्व्यवहारको अवस्था गम्भीर -रिपोर्ट

इस्लामाबाद, २५ साउन/सिन्ह्वा

सन् २०२४ को पहिलो छ महीनामा पाकिस्तानमा बाल दुर्व्यवहारका एक हजार ६३० वटा घटना दर्ता भएका स्थानीय गैरसरकारी संस्था साहिलले शुक्रवार सार्वजनिक गरेको प्रतिवेदनमा जनाइएको छ ।

सन् २०२४ को जनवरीदेखि जूनसम्म ८१ वटा राष्ट्रिय तथा क्षेत्रीय दैनिक पत्रिकामा प्रकाशित तथ्याङ्क अनुसार बाल यौन दुर्व्यवहारका ८६२, अपहरणका ६६८, बेपत्ता बालबालिकाका ८२ र बालविवाहका १८ वटा घटना दर्ता भएका छन् ।

यस वर्षमा यौन दुर्व्यवहारपछि पोर्नोग्राफीका ४८ वटा घटना रेकर्ड गरिएको प्रतिवेदनमा उल्लेख छ । छ महीनाको तथ्याङ्कमा रिपोर्ट गरिएका मुद्दामध्ये ५९ प्रतिशत पीडित केटीहरू र बाँकी ४१ प्रतिशत केटाहरू पीडित रहेका छन् ।

तथ्याङ्क अनुसार छदेखि १५ वर्ष उमेर समूहका बालबालिका अधिक दुरुपयोगको जोखिममा छन् । रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# मिथिलामा आज लगपाँचे पर्व मनाइँदै

जलेश्वर (महोत्तरी), २५ साउन/रासस

सम्पूर्ण मिथिला क्षेत्रमा शुक्रवार लगपाँचे पर्व मनाइएको छ । मिथिला क्षेत्रका महोत्तरी, धनुषा, सर्लाही, सिराहा, सप्तरी, रौतहट, बारा, पर्सासहित भारतको मधुवनी, दरभङ्गा, सीतामढी, मुजफ्फरपुर र पटनाका गाउँबस्तीमा आज लगपाँचे पर्व मनाइएको छ ।



मिथिलाका गाउँटोलका प्रत्येक घरमा आज विषहरा बाबा (नागदेवता)को विशेष पूजाअर्चना भएको छ । यो पर्वलाई विषहरा महारानी पनि भन्ने प्रचलन छ ।

मिथिलानीले आज बिहानै आआफ्ना घरआँगन गाईको गोबरले लिपपोत गरी सफा बनाएका छन् । यहाँका महिलाले प्रत्येक घरमा माटोको चुल्होमा पाकेको धानलाई माटोको भाँडोमा भुटेर लावा तयार गराइ लावा, गाईको दूध, सिन्दुर, अक्षता, आँपको अचारसहित पूजा सामग्रीले नागदेवताको पूजा गरी यो पर्व मनाइएको जलेश्वर–८ का पण्डित उपेन्द्र पाठकले जानकारी दिए ।

मिथिलानीले गाउँको वन वा भिरालो जमीननजीक सर्पको दुलो खोजी सोही स्थानमा केराको पातमा आँपको अचार, लावा, दूध, सिन्दुर, अक्षतालगायत पूजा सामग्री चढाएर नागदेवतालाई भोग (खान)का लागि आह्वान गर्ने परम्परा रहेको उनले बताए । नागदेवता वा सर्पलाई पूजा सामग्री ग्रहणका लागि आह्वान गर्दै 'हे विषहरा बाबा, हे विषहरा महारानी, मैले तपाईंको पूजा गर्दै खानाका सम्पूर्ण वस्तु चढाएको छु । तपाईंले मेरो कुल परिवारका कसैलाई कहिले कुनै दुःख नदिनु, सधैं सबैको रक्षा गर्नुहोला' भनी आराधना गर्ने प्रचलन रहेको पण्डित पाठकले जानकारी दिए ।

"मिथिलानीले सबैभन्दा पहिला आँपको अचार चढाउँछन् । यसको अर्थ सर्पले परिवारका कुनै पनि सदस्यलाई टोक्न आउँदा सर्पको दाँत अमिलो भएर टोक्न नपाओस् भन्ने हो । त्यसपछि सर्पको पेट भर्न लावा, दूध, अक्षता र शृङ्गारका लागि सिन्दुर चढाउँछन्," उनले भने ।

आजको राति मिथिलाको प्रत्येक घरका कोठामा धानको लावा छर्किएर सुत्ने प्रचलन रहेको जलेश्वर–६ का सीतादेवी मिश्रले बताइन् । "भोलि बिहान उठेर हेर्दा लावा हराउने विश्वास लिइन्छ," उनले भनिन्, "राति छर्किएको लावा रात परेपछि विषहरा बाबा र विषहरा महारानी तथा नाग देवी/देवताले आएर खाइदिने गरेको जनविश्वास छ ।"

लगपाँचे पर्वपछि मिथिलामा आजैदेखि वर्षभरिका पर्व शुरू हुने गर्छन् । 'भेल लगपाँचे, लागल सब पवनी नाचे' अर्थात् लगपाँचे भए लगत्तै अब मिथिलामा सबै पर्व शुरू हुन्छन् भनी यो पर्व मनाउने गरिएको मिश्रले जानकारी दिइन् । "लगपाँचेका दिन मिथिलाको कुनै पनि घरमा रोटी पाक्दैन भने कसैले दूध पनि खाँदैनन् । आजका दिन विषहरा बाबा/महारानीले मात्रै दूध खाने जनविश्वास छ," उनले भनिन् ।

लगपाँचे पर्वले सर्पबाट हुने हानिबाट परिवारका सदस्यलाई जोगाउने साथै यसको समापनपछि मिथिलामा अन्य पर्व सुरुआत हुने भएकाले यसलाई धूमधामका साथ मनाउने गरिन्छ । यहाँका कतिपय गाउँमा विषहरा बाबा/महारानीको मन्दिर स्थापना गरिएको छ । मन्दिर भएका स्थानमा विशेष पूजासहित बलि चढाउने चलन रहेको छ ।

# विद्यालय शिक्षा विधेयक: जनसङ्ख्याको आधारमा विद्यालय खोल्ने अनुमति दिने व्यवस्था गर्न सांसदको जोड

काठमाडौं, २५ साउन/रासस

प्रतिनिधिसभाका सांसदहरूले जनसङ्ख्या, भूगोल र आवश्यकताका आधारमा मात्रै विद्यालय खोल्न दिनेगरी 'विद्यालय शिक्षा विधेयक, २०८०' संशोधन गर्नुपर्नेमा जोड दिएका छन् ।

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको शुक्रवारको बैठकमा विधेयकमाथि संशोधन प्रस्तुत गर्दै सांसदहरूले आवश्यकता नै नभएको ठाउँमा विद्यालय खोल्न नहुनेमा जोड दिए । सांसद महेन्द्रबहादुर शाहीले भने, "मन लाग्यो भन्दैमा जहाँ पनि विद्यालय खोल्न दिने व्यवस्था गलत छ, विद्यालय खोल्नुभन्दा अगाडि यहाँको जनसङ्ख्या, भूगोल, आवश्यकता हो वा होइन जस्ता कुरा अध्ययन गरेर मात्रै विद्यालय खोल्न दिनुपर्छ ।"

उनले अध्ययन नै नगरीकन विद्यालय खोल्न दिंदा एउटा पाँच कक्षासम्मको विद्यालयमा विद्यार्थी आठजना र शिक्षक १० जना हुने गरेको पाइएको तथ्य प्रस्तुत गरे । शिक्षकको सेवा र सुविधामा मात्रै छलफल गर्नेभन्दा पनि संविधान र सङ्घीयताको मूल मर्मअनुरूप नै विधेयकलाई अगाडि बढाउनुपर्ने उनको भनाइ थियो ।

सांसद प्रेमबहादुर महर्जनले विधेयकमा उल्लिखित अभिभावकसम्बन्धी व्यवस्थामा विद्यार्थीको हजुरबुबा र हजुरआमालाई पनि अभिभावक मान्नुपर्ने गरी विधेयकलाई संशोधन गर्न जरुरी रहेको बताए । उनले विद्यालयलाई अपाङ्गतामैत्री बनाउनका लागि न्यून दृष्टि भएकालगायत व्यक्तिको अध्यापनका लागि छुट्टै शिक्षकको व्यवस्था गर्नेगरी विधेयक संशोधन गर्नुपर्ने माग गरे ।

सांसद भगवती चौधरीले हरेक सामुदायिक र निजी विद्यालयमा शिशु स्याहारको अनिवार्य व्यवस्था गर्नुपर्ने धारणा राखिन् ।

सांसदहरूले समान शिक्षाका लागि अपाङ्गता भएका विद्यार्थीका लागि राज्यले छुट्टै लगानी गर्नुपर्ने, विशेषगरी सामुदायिक विद्यालयको गुणस्तर, स्तरोन्नति गर्ने गरी विधेयक ल्याउनुपर्ने माग गर्दै आएका छन् । यसैगरी, विद्यालयस्तरमा मातृभाषा अध्ययनका लागि छुट्टै शिक्षकको व्यवस्था गर्नेगरी विधेयक संशोधन गर्नुपर्ने, विद्यालयमा अध्यापन गराउने शिक्षक राजनीतिमा संलग्न हुन नपाउने, विद्यालयमा प्राध्यापक, उपप्राध्यापक नियुक्ति, सञ्चालक समिति वा अन्य कुनै पनि नियुक्तिमा राजनीतीकरण गर्न नहुने विधेयकमाथि संशोधन राख्न सांसदहरूले माग गरेका छन् ।

विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण तथा विद्यालय शिक्षाका मूलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालनसम्बन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्ने उद्देश्यले सो विधेयक ल्याइएको हो । विधेयक समितिमा छलफलका क्रममा रहेको छ ।

**नेशनल ...**

पर्साका प्रहरी नायब उपरीक्षक दीपक भारतीले विद्यार्थी जीवनमा लागूऔषध वा अन्य झमेलामा फसिरहेको बताए । उनले सामाजिक सञ्जाल प्रयोगमा चनाखो हुनसमेत सुझाव दिए ।




र सामाजिक सञ्जालको लतले नयाँ पुस्ता पिरोलिंदै आएको बताए । जिप्रका, पर्साका प्रवक्तासमेत रहेका प्रनाउ भारतीले युवामा अहिलेको जल्दोबल्दो जोखिम भनेको गलत साथीभाइसँगको सङ्गत नै रहेको बताए । उनले नयाँ पुस्ताले शिक्षासँगै राम्रो संस्कार भएको साथीको सङ्गत गर्नुपर्ने सुझाव दिए । उनले जस्तो सङ्गत हुन्छ, उस्तै व्यवहार हुने बताए । उनले अहिलेका पुस्ताले मोबाइलमा इन्टरनेट चलाउने तर के हेर्ने के नहेर्नेबारे ज्ञान नै नभएको कारण ठगी

क्याम्पसको सल्लाहकार समिति सदस्य बलराम श्रेष्ठले पछिल्लो समय देशको राजनीतिक, आर्थिक र सामाजिक अवस्था तरलताको अवस्थाबाट गुज्रिरहेको हुँदा नेपालमा पनि आगामी दिनमा बङ्गलादेश जस्तै अवस्था आउने हो कि भनी चिन्ता व्यक्त गरे । उनले देशको हालको अवस्थामा राज्य गम्भीर हुनुपर्नेमा जोड दिए ।

कार्यक्रमका अर्का वक्ता अर्थविद् इन्दुशेखर मिश्रले नेपालको अवस्था बदलाव गर्न नै नयाँ पुस्ताले अभिभारा लिएर अघि बढ्नुपर्नेमा जोड दिए । उनले ठूलो मानिस बन्नुभन्दा पहिले देशमा असल नागरिक बन्नु आजको आवश्यकता रहेको बताए ।

कार्यक्रममा मानवसेवा आश्रम, वीरगंजका प्रमुख दिवेश मानवसेवाले क्याम्पसका विद्यार्थीहरूलाई राम्रो संस्कार सिकाउन प्रेरणादायी प्रस्तुति गरेका थिए ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सन्तानसुख |
| मिथुन – वाहनकष्ट | कर्कट – राज्यलाभ |
| सिंह – अतिथिआगमन | कन्या – अन्नलाभ |
| तुला – खर्चवृद्धि | वृश्चिक – प्रसन्नता |
| धनु – पदोन्नति | मकर – प्रगति |
| कुम्भ – रोगभय | मीन – नारीसुख |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# ज्ञानदामा रूपान्तरण सशक्तीकरण कार्यक्रम सम्पन्न

प्रस, वीरगंज, २५ साउन/

नयाँ भर्ना भएका विद्यार्थीलाई जीवनमा अविश्वसनीय यात्रा शुरू गर्दा कसरी पूर्ण क्षमता प्रयोग गरेर हरेक तहमा आफूलाई सशक्त बनाउन परिवर्तनकारी अनुभवको भावलाई प्रयोग गरेर सफलताको शिखरमा पुग्न टेवा पुगोस् भन्ने उद्देश्यले ज्ञानदा एकेडमीले तीन दिने सशक्तीकरण कार्यक्रम सम्पन्न गरेको छ।




प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कोइरालाले तीन दिने सत्रमा व्यक्तिगत वृद्धि र व्यावसायिक विकासलाई बाहिर ल्याउन मदत गर्ने, सिकेका कुराहरू वास्तविक समयमा लागू गर्ने, जस्तोसुकै परिस्थितिमा तयार रहने, शैक्षिक तथा व्यावहारिक गतिविधिहरूमा संलग्न हुन सिकाउने, नेटवर्किङका अवसरहरू प्रयोग गरेर समान विचारधारा भएका व्यक्तिहरूसँग जोडिन मदत गर्ने, सशक्तीकरणको बाटो पहिल्याइ यो यात्रासँगै दिगो परिवर्तन सिर्जना गर्न महत्त्वपूर्ण टेवा पुग्ने बताए। तीन दिने कार्यशालामा योगबारेमा पनि जानकारी गराइएको थियो। यसैगरी, एकअर्कासँग हातेमालो गर्दै एकताबद्धरूपमा विभिन्न गतिविधिहरूमा संलग्न भएर विद्यमान कमीकमजोरीलाई हटाएर सशक्तीकरण यात्रामा सहभागिताबारेमा पनि विद्यार्थीहरूलाई प्रशिक्षण दिइएको थियो। विद्यार्थीहरूलाई शिक्षक नरेन्द्रकुमार पटेलले योग र अन्य शीर्षकमा प्रमुख कार्यकारी अधिकृत कोइरालाले प्रशिक्षण दिएका थिए।

**जनमत ...**

चाहना राखेको तर गठबन्धन सरकार बनेकोले पार्टीको चाहना अनुसार हुन नसकेको उनले बताए। मुख्यमन्त्रीलाई पनि यही समस्या होला नि ? सञ्चारकर्मीले राखेको प्रश्नमा यादवले जेसुकै समस्या भएपनि पार्टीसँग सल्लाह गरेर मात्रै अगाडि बढ्नुपर्ने उनको भनाइ थियो।

मधेस प्रदेशमा मुख्यमन्त्री सिंहले पछिल्लोपटक मन्त्रिपरिषद् विस्तार गरी २० सदस्यीय पुऱ्याएका छन्। यस अघि ठूलो मन्त्रिपरिषद् भनिएको १५ सदस्यीय थियो।

जम्बो मन्त्रिपरिषद्मा जनमतबाट मुख्यमन्त्रीसहित पाँच, नेपाली काङ्ग्रेसबाट छ, नेकपा एमालेबाट सात र लोसपाबाट दुईजना मन्त्री छन्। मन्त्रिपरिषद् सदस्यको सङ्ख्या ठूलो भएपछि मुख्यमन्त्री सिंहको चौतर्फी आलोचना भइरहेको छ। जसपा निकट युवा विद्यार्थीहरू विरोध प्रदर्शन गर्दै सडकमा उत्रिएका छन्।

यस सम्बन्धमा जनमतका राष्ट्रिय अध्यक्ष डा सिके राउतको सचिवालय र प्रदेशको सत्तासाझेदार दल नेपाली काङ्ग्रेसका मधेस प्रदेश सूचना तथा सञ्चार विभाग प्रमुख नितेशकुमार गुप्ताबीच सामाजिक सञ्जालमा टीकाटिप्पणी चलेको छ। अध्यक्ष डा राउतको सचिवालयले "मधेस प्रदेशको सरकार गठबन्धनको हो, जनमत पार्टीको होइन" भन्दै सामाजिक सञ्जाल फेसबूकमा पोस्ट गरेको छ। प्रतिउत्तरमा नेकाका नेता नितेशकुमार गुप्ताले मन्त्रिमण्डल गठनबारे मापदण्ड रहेको उल्लेख गर्दै सत्ता टिकाउन जनमतले जम्बो मन्त्रिमण्डल गठन गरेको आरोप लगाएका छन्। उनले गठबन्धनका दुई ठूला दलप्रति दोषारोपण गर्नु दुर्भाग्यपूर्ण भएको बताए।

यस सम्बन्धमा मुख्यमन्त्रीको सचिवालयले शुक्रवार साँझसम्म कुनै प्रतिक्रिया दिएको छैन। मन्त्रिपरिषद् विस्तार सम्बन्धमा बाहिर देखिएका असन्तुष्टिलाई मत्थर पार्नको लागि सहमतिमैं स्पष्टीकरण सोधेको देखावा गरेको प्रदर्शनकारी युवा नेताहरूको आरोप छ।

# सुनचाँदी व्यवसायीको सदस्यता विवाद समाधान



प्रस, वीरगंज, २५ साउन/

सुनचाँदी व्यावसायिक सङ्घ, पर्सामा लामो समयदेखि चल्दै आएको सदस्यता विवाद समाधान भएको छ। जिल्ला प्रशासन कार्यालय, पर्साले शुक्रवार उक्त विवाद टुङ्गो लगाएको हो।

कार्यसमितिका अध्यक्ष भुलन सर्राफले आफूइतरका उपाध्यक्ष सचिवलगायत छजनाको सदस्यता खारेज गरेपछि सङ्घमा सदस्यता विवाद शुरू भएको थियो। सङ्घका पदाधिकारी तथा सदस्यहरू एकअर्काविरुद्ध उजूरी लिएर जिल्ला प्रशासन कार्यालय पुगेका थिए। सो विवादका कारण जिप्रकालाई समेत विवादमा मुछिएको थियो।

सदस्यता विवाद टुङ्ग्याउन बसेको छलफलको क्रममा प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले नियमविपरीत हटाइएका सबै सदस्यता नवीकरण गर्न वर्तमान कार्यसमितिलाई निर्देशन दिएपछि दुवै पक्षबीच सहमति भएको हो। सदस्यता नवीकरण गर्न सहमति भएसँगै जिल्ला समन्वय समिति, पर्साले एक कार्यक्रमको आयोजना गरी सङ्घका सबै सदस्यलाई फूलमाला र टीका लगाइ स्वागत गरेको थियो।

कार्यक्रममा जिसस, पर्सामा प्रमुख निरञ्जन सर्राफ, प्रवेश सर्राफलगायत पदाधिकारीहरूको सहभागिता थियो।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




# ठूलो परिमाणमा ईचुरोटसहित एकजना पक्राउ

प्रस, वीरगंज, २५ साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साले करीब चार करोड बराबरको इलेक्ट्रिक



चुरोटसहित एकजनालाई पक्राउ गरेको छ।

वीरगंज महानगरपालिकाको इनर बाइपास सडकखण्डमा स्थानीय रामप्रसाद बरईको घरमा रहेको डाँफे ट्रान्सपोर्टमा छापामारी गरी करीब रु चार करोड बराबरको १५ हजार इलेक्ट्रोनिक चुरोट बरामद गरेको जिप्रका, पर्साले जनाएको छ। प्रहरीले ट्रान्सपोर्टबाट ७६ कार्टुन इलेक्ट्रोनिक चुरोट बरामद गरेको र सोमा १५ हजार थान इलेक्ट्रोनिक चुरोट बरामद भएको जनाएको छ। ट्रान्सपोर्ट बरईको घरमा भएपनि एकजना भारतीय नागरिकले सो चुरोट भण्डार गरेको प्रहरीले बताएको छ।

इलेक्ट्रोनिक चुरोट तेस्रो मुलुकबाट आयात भएर नेपाल आउँछ। विगतमा हवाईमार्गबाट लुकाइछिपाइ नेपाल भित्रने गरेको इलेक्ट्रोनिक चुरोटको आयातमा विरोध पनि भएको थियो।

# खेलकूदको संसार

## पेरिस ओलम्पिक : अमेरिका ३० स्वर्णसहित शीर्ष स्थानमा

पेरिस, २४ साउन/एएफपी

बिहीवारसम्मको विभिन्न स्पर्धापछि पेरिस ओलम्पिक खेलमा अमेरिका ३० स्वर्ण, ३८ रजत र ३५ कांस्यसहित सबैभन्दा बढी १०३ पदकसहित अङ्कतालिकामा शीर्ष स्थानमा रहेको छ। चीन, अस्ट्रेलिया, फ्रान्स, बेलायत, दक्षिण कोरिया, जापान,




नेदरल्यान्ड्स, इटाली र जर्मनी क्रमशः शीर्ष १० स्थानमा रहेका छन्।

दोस्रोमा चीनले २९ स्वर्ण, २५ रजत र १९ कांस्यसहित कुल ७३ पदक हात पारेको छ भने अस्ट्रेलियाले १८ स्वर्ण, १४ रजत र १३ कांस्य पदकसहित कुल ४५ पदक जित्दै अहिलेसम्मको पदक तालिकामा तेस्रो स्थान हासिल गरेको छ।

त्यसैगरी, चौथो स्थानमा रहेको फ्रान्सले १४ स्वर्ण, १९ रजत र २१ कांस्यसहित ५४ पदक जितेको छ भने पाँचौं स्थानमा बेलायतले १३ स्वर्ण, १७ रजत र २१ कांस्यसहित कुल ५१ पदक जितेको छ।

पदक तालिकामा छैटौं स्थानमा रहेको दक्षिण कोरियाले १३ स्वर्ण, आठ रजत र सात कांस्यसहित कुल २८ पदक जितेको छ भने जापान १३ स्वर्ण, सात रजत र १३ कांस्यसहित ३३ पदक जित्दै सातौं स्थानमा रहन सफल भएको छ।

आठौं स्थानमा रहेको नेदरल्यान्ड्सले ११ स्वर्ण, छ रजत र आठ कांस्यसहित कुल २५ पदक जितेको छ भने इटाली १० स्वर्ण, ११ रजत र नौ कांस्यसहित कुल ३० पदक जित्दै नवौं स्थानमा छ। जर्मनी नौ स्वर्ण, आठ रजत र पाँच कांस्यसहित कुल २२ पदक जितेर शीर्ष १० मध्ये अन्तिम स्थानमा रहेको छ।

## एपिएफ विजयी

काठमाडौं, २५ साउन/रासस

नेपाल एपिएफ क्लबले ललित स्मृति एन्फा यू-१८ युथ लिगमा जीत हासिल गरेको छ।

सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा शुक्रवार भएको खेलमा एपिएफले चर्च ब्वाइज युनाइटेड क्लबलाई २-१ गोलअन्तरले पराजित गरेको हो। आजको जीतसँगै एपिएफले आठ खेलमा १० अङ्क जोडेको छ। पराजित चर्च ब्वाइजको समान खेलबाट १३ अङ्क छ।

एपिएफको जीतमा अमन मोक्तान र पवन पाख्रिनले समान एक/एक गोल गरे भने चर्च ब्वाइजका लागि भने शिशिर यस्मालीले एक गोल फर्काए।



खेलको २१औं मिनेटमा अमनको गोलमार्फत एपिएफले अग्रता लिएको थियो। त्यस्तै, खेलको ६९औं मिनेटमा चर्च ब्वाइजका शिशिरले एक गोल फर्काउँदै खेललाई बराबरीमा ल्याए। खेलको ९०औं मिनेटमा पवनले पेनाल्टीमार्फत गोल गर्दै एपिएफलाई जीत दिलाए।

# नेशनल एकेडेमी क्याम्पसद्वारा विद्यार्थीलाई अभिमुखीकरण

प्रस, परवानीपुर, २५ साउन/

नेशनल एकेडेमी क्याम्पस, वीरगंजले अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ। कक्षा ११ मा भर्ना भएका ६२ जना विद्यार्थीलाई स्वागत गर्न कार्यक्रम आयोजना गरिएको थियो। विगत २४ वर्षदेखि वीरगंजको शिक्षा क्षेत्रमा योगदान दिंदै आएको क्याम्पसले गुणस्तरीय शिक्षा दिंदै आएको वक्ताहरूले बताएका छन्।

कार्यक्रममा क्याम्पसका प्रमुख कार्यकारी अधिकृत केदार साहले वीरगंजको शिक्षाको इतिहासमा नेशनल एकेडेमी क्याम्पस अग्रणी भूमिकामा रहेको बताए।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय,

(बाँकी पाँचौं पातामा)

## सुर्तीजन्य पदार्थका तत्कालीन असर

सुर्तीजन्य पदार्थको सेवनले:

- झुम्म पार्ने,
- मस्तिष्क सुस्त हुने,
- रक्तनलीमा बोसोजन्य पदार्थ (कोलेस्ट्रोल)को मात्रा बढ्ने,
- आँखा, घाँटी र मुखमा अप्ठ्यारो महसूस हुने,
- हात काम्ने,
- पेटमा अम्लको मात्रा बढ्ने,
- छालाको तापक्रम घट्ने,
- मुटुको धडकन बढ्ने,

जस्ता तत्कालीन असरहरू देखिन सक्ने भएकोले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड